वर्ष : १७, अंक : १३, काठमाडौं, २०७८ असार २५ गते शुक्रबार, 9 July 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## जसपा विवाद निरुपण गर्न आयोगद्वारा इजलास गठन



काठमाडौं । निर्वाचन आयोगले जनता समाजवादी पार्टी (जसपा) को विवाद निरुपण गर्न इजलास गठन गरेको छ । आयोग पदाधिकारीहरूको बुधबार भएको बैठकले प्रमुख आयुक्त दिनेश थपलियाको नेतृत्वमा पाँच सदस्यीय इजलास गठन गरेको हो । आयोगले सुनुवाइका लागि आगामी साउन ३ गते आइतबार दुवै पक्षलाई बोलाउने निर्णय भएको छ । सुनुवाइका लागि कानुन व्यवसायी राख्ने भए साथै ल्याउन पनि भनिएको छ । जसपाको उपेन्द्र यादव पक्षले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ४४ अनुसार पार्टीको आधिकारिता विवाद टुंग्याउन माग गर्दै आयोगमा निवेदन दिएको थियो ।

# प्रदेश २ प्रमुखको पथ डोऱ्याउँदै प्रदेश सरकार

काठमाडौं । जेठ २८ गते प्रदेश २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले मन्त्रिपरिषद समावेशी र समानुपातिक सिद्धात अनुसार नभएको भन्दै मुख्यमन्त्री लालबाबु राउतलाई ध्यानाकर्षण गराउँदै असन्तुष्टि व्यक्त गरे ।

संविधानले परिकल्पना गरेको समानुपातिक समावेशीको व्यवस्था अनुसार नै मन्त्रिपरिषद गठन गर्नुपर्ने भन्दै केही दिनअघि गरिएको मन्त्रिपरिषद विस्तार त्यसअनुरुप नभएको भन्दै उनले मुख्यमन्त्री राउतलाई पत्र लेखी आफ्नो असन्तुष्टि रहेको जनाए ।

पत्रमा उनले 'प्रदेश मन्त्रिपरिषदको गठन माननीय मुख्यमन्त्रीज्यूको सिफारिस बमोजिम नै हुने भए पनि प्रदेश प्रमुखको हैसियतमा मैले गर्ने भएकाले मन्त्रिपरिषदको स्वरुप संविधान बमोजिम भए नभएको भन्ने सवालमा मेरो चासो र सरोकार स्वाभाविक र जायज भएकोले यो स्मरणपत्र लेखिएको हो' भनेका थिए । प्रदेश प्रमुख झाले मन्त्रिपरिषदमा गैरमधेशी, मुस्लिम, दलित र महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व नभएको उल्लेख गर्दै प्रदेशभित्रको जनघनत्व, सामुदायिक उपस्थितिलाई सरकारभित्र प्रतिनिधित्व गराउनु प्रदेश सरकारको जिम्मेवारी र दायित्व हुने स्मरण गराएका थिए । 'प्रदेशभित्रका महिला, दलित, आदिवासी, गैरमधेशी लगायतका पक्षलाई समानुपातिक समावेशी उपस्थितितर्फ विशेष पहल गर्न स्मरण गराइन्छ,' प्रदेश २ प्रमुखले मुख्यमन्त्रीलाई पठाएको पत्रमा लेखिएको थियो ।

जनता समाजवादी पार्टीको उपेन्द्र यादव पक्षका मुख्यमन्त्री लालबाबु राउतले हालै जसपाकै महन्थ ठाकुर पक्षका मन्त्रीलाई



प्रदेश प्रमुख डा.राजेश अहिराज



मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी

सरकारबाट हटाई नेपाली कांग्रेसबाट ३ जनालाई मन्त्री नियुक्त गरेका थिए । हाल ९ सदस्यीय मन्त्रिपरिषदमा हाल आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादव मात्र महिला छिन् । मन्त्रिपरिषद्को उक्त विस्तारको सन्दर्भमा प्रदेश प्रमुख झाले पत्र लेखेका थिए ।

त्यस लगतै, प्रदेश २ सरकार समावेशी समानुपातिक सिद्धान्त अनुसार गठन नभएको भन्दै उच्च अदालत जनकपुरमा रिट निवेदन पनि दायर भयो । उक्त रिट निवेदन प्रदेश प्रमुख झाले मुख्यमन्त्री राउतलाई पत्र पठाए लगतै दायर भएको थियो । मुख्यमन्त्री राउतको सिफारिसमा प्रदेश प्रमुख झाले विस्तारित मन्त्रिपरिषद्लाई उत्प्रेषणको आदेशबाट बदर गरी पाउन माग गर्दै रिट निवेदन दर्ता गरिएको थियो ।

अधिवक्ता राजकुमार महासेठ र अमित कुमार पण्डितले नेपालको संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवं सार्वजनिक सरोकारको रुपमा रहेको मौलिक हक समेतको कार्यान्वयनको लागि अन्य कुनै वैकल्पिक एवं प्रभावकारी कानूनी व्यवस्थाको अभावमा नेपालको संविधान २०७२ को धारा १(२), १८, ३८(४), ४२(१), ४०(१), ५६(३), १६८(९), १४४ र न्याय प्रशासन ऐन २०७३ को दफा ८ बमोजिम रिट निवेदन दर्ता गराएका थिए ।

यद्यपी उच्च अदालत जनकपुरले उक्त मन्त्रिपरिषद् समावेशी नभएको भन्दै दायर रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । सो रिटमाथि अन्तिम सुनुवाइ गर्दै उच्च अदालत जनकपुरका मुख्य न्यायाधीशद्वय विनोद शर्मा र हरिप्रसाद काफ्लेको संयुक्त इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

प्रदेश २ प्रमुख झाले प्रदेशमा समावेशीताको मुद्दा उठाएसँगै प्रदेश सरकारले अनुसरण गर्न थालेको छ । २०७२ असोज ३ गतेबाट लागू भएको संविधान समावेशी र समानुपातिक नभएको मधेशी दलहरुले दाबी आएको छ । उनीहरुले समावेशी र समानुपातिकको मुद्दा उठाउँदै आएका छन् । मधेश आन्दोलनको बलमा बनेको प्रदेश २ को सरकारले समावेशी र समानुपातिकको मुद्दालाई वेवास्ता गर्दै आइरहेको छ । उसले कुनै पनि तहमा समावेशी र समानुपातिकलाई प्राथमिकथामा राखेन । त्यसै कारण प्रदेश २ मा विस्तार भएको पछिल्लो मन्त्रिपरिषद्को विषयमा प्रदेश २ प्रमुखले स्मरण गराउन बाध्य भए ।

**प्रदेश प्रमुखको अनुसरण**

**जब प्रदेश प्रमुख झाले समावेशी र समानुपातिकको विषयमाथि सवाल खडा गरे अनि मात्र प्रदेश सरकारको आँखा खुल्यो । परिणामस्वरुप उसले प्रदेश नीति तथा योजना आयोगमा २ जनालाई नियुक्त गर्दै समावेशी र समानुपातिकको सिद्धान्तलाई अनुसरण गरे । नियुक्ति पाउनेमा सिरहाको मिर्चैया नगरपालिका-२ का डा.वैद्यनाथ महतो र धनुषाको मिथिला नगरपालिका- ६ बस्ने प्रमिलाकुमारी सिंह छन् ।**

**जसपा भित्रको आन्तरिक कलहका कारण प्रदेश नीति तथा योजना आयोगले पूर्णता नपाइरहेका बेला २ जनालाई भने नियुक्त गरिएको हो । यसअघि २०७६ भदौ २२**

*बाँकी अन्तिम पृष्ठमा*

## रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान शिलान्यास

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले थुपै ऐतिहासिक महत्व बोकेको सप्तरी अब उप्रान्त पछाडी परेको जिल्लाका रुपमा नरहने बताएका छन् । सप्तरीको राजविराजमा बन्न लागेको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको मंगलबार भुर्चअल शिलान्यास पछि कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले प्रतिष्ठान सप्तरीमा आजसम्म बनेका विकास परियोजनामध्ये सर्वाधिक ठूलो परियोजना बन्न जाने बताए ।

प्रतिष्ठानको स्थापनासँगै जिल्लामा स्तरीय चिकित्सा शिक्षाको अवसरका साथै अन्य आर्थिक गतिविधि तीव्र हुने धारणा पनि प्रधानमन्त्रीको थियो । आफू पहिलो पटक प्रधानमन्त्री हुँदा हुलाकी राजमार्गको कुरा अघि बढाएको र निकट भविष्यमा सञ्चालन हुने पुर्वपश्चिम रेल र निर्माणाधीन सुनकोशी मरिन डाइभर्सनले सप्तरीमा समृद्धिका आयाम थप गर्ने भनाई प्रधानमन्त्रीको थियो । प्रदेश २ को राजनीतिक समीकरणतर्फ संकेत गर्दै प्रधानमन्त्रीले राजनीतिक विचार आआफ्ना हुने भए पनि एक अर्का प्रति सहिष्णु हुँदै जनताका साझा समस्याको मिलेर समाधान गर्नुपर्ने पनि बताएका हुन् । सप्तरीको पश्चिमी क्षेत्रमा सुनकोसी मारिन डाइभर्सनले सिंचाइको सुविधा पुर्याउने पनि प्रधानमन्त्रीले उल्लेख गरे ।

सप्तरीका जनतालाई कुनै पनि किसिमको साम्प्रदायिक वा क्षेत्रीय भावना लिएर बेमेलको भाव नराख्न आग्रह गरे । हामी विचमा रहेका विविधता सम्पत्ती भएकोले त्यसलाई मनमुटाव वा द्वन्द्वको विषय नबनाउन पनि उनले आग्रह गरे । सबैथरि जनता मिलेर नै देशको विकास गर्नु प्रमुख कर्तब्य भएको बताउँदै उनले भने, "अब देशभित्र रोजगारीका अवसरहरु सृजना गर्दै छोराछोरीलाई विदेश पठाउने काम रोक्नु पर्छ ।" सप्तरीको राजविराजमा बन्न लागेको प्रतिष्ठानबाट सप्तरी सहित तराईका १० जिल्ला र सीमावर्ती भारतीय क्षेत्रका जनताले समेत स्वास्थ्य सेवा पाउने अपेक्षा गरिएको छ ।

## सीमा बन्दले दुबै देशका नागरिक समस्यामा : वीरगञ्ज महानगर प्रमुख

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले क्रस बोर्डरको मुद्दा व्यवसायसँग जोडिएको बताएका छन् । उनले गैरकानूनी कारोबारको लागत र कानूनी कारोबारको लागत बराबर नहुँदासम्म तस्करी नरोकिने बताए ।

क्रस बोर्डरका मुद्दामा छलफल कार्यक्रममा बोल्दै उनले भने, 'नेपाल भारतको बोर्डर डेढ वर्षदेखि बन्द छ, दुवै देशका नागरिक समस्यामा छन् । कोरोना बहाना हो, किन बन्द छ ? न नेपाल सरकारलाई थाहा छ, न भारत सरकारलाई । आफन्तको विवाह कर्ममा त जान पाएनन् तर मर्दापर्दा समेत जान पाएका छैनन् ।'

मानव तस्करी, लागूऔषध तस्करी वा



सामानको तस्करी दुवै देशका नागरिक मिलेर मात्रै नियन्त्रण हुने सरावगीले बताए । विभिन्न बहानामा नेपाल र भारतको सीमावर्ती क्षेत्रमा जनस्तरको सम्बन्ध बिगार्ने प्रयास गरिए पनि सफल नभएको र नहुने उनको भनाइ छ ।

संघ सरकारमा रहेकाहरूमा रहेको राणाकालीन सोचका कारण महानगरका जनतालाई बचाउन आफैं खोप ल्याउँछु भन्दा ल्याउन नदिएको, विद्यालय सञ्चालन गर्न नदिएको उनले बताए ।

कार्यक्रममा ठाकुरराम बहुमुखी क्याम्पसका प्राध्यापक वीरेन्द्र साहले सीमा क्षेत्रमा रोटीबेटीबीचको सम्बन्ध राम्रो भए पनि राज्यबीच राम्रो सम्बन्ध नहुँदा समस्यामा पर्ने गरेको बताए ।

भारतीय पत्रकार दीपक अग्निरथले पछिल्ला दिनमा नेपाल भारतबीच हुने विवाहमा कमी आउनुले पनि जनस्तरको सम्बन्धमा समस्या हुन थालेको बताए । प्रभात खबरका पत्रकार मनोजकुमार गुप्ताले कुनै पनि बहानामा पौराणिक सम्बन्धलाई बिगार्न नहुनेमा जोड दिए ।

## प्रदेश २ प्रदेश सभा बैठक दोस्रो पटक पुन: स्थगित

जनकपुरधाम । बजेटमाथि छलफल गर्न बोलाइएको प्रदेश २ को प्रदेश सभा बैठक पुन: स्थगित भएको छ । यो दोस्रो पटक सूचना टाँसेर बैठक स्थगित गरिएको हो ।

प्रदेश सभा संसद सचिवालयले बुधबार १ बजे का लागि बैठक आह्वान गरेको थियो । तर, बैठक स्थगितसम्बन्धी प्रदेश सांसदहरुलाई सन्देश पठाएर बैठक स्थगित भएको जानकारी गराइएको छ । यस अघि असार १५ गते १ बजेका लागि बोलाइएको बैठक पनि १ दिनअगाडि स्थगित गरेको जानकारी गराउँदै २३ गते बैठकको समय निर्धारण गरिएको थियो । सचिवालयका सचिव रंजित यादवले बुधबार १ बजे बस्ने प्रदेश सभा बैठक आगामी असार २५ गते १ बजेसम्मका लागि स्थगित भएको जानकारी दिए ।सचिव यादवले प्रदेश सरकारको विकास निर्माण र अन्य खर्चको भुक्तानी असार २४ गतेसम्म मात्रै हुने भएकाले बुधबार बस्ने बैठक स्थगित गरिएको बताए । उनले सांसदहरुको संसदीय विकास कोषको रकम भुक्तानी र सरकारको अन्य खर्च भुक्तानी गर्न २४ गतेसम्म मात्रै हुने भएकाले व्यस्तताका कारण संसद सचिवालयमा सूचना टाँसेर प्रदेश सभा बैठक स्थगित गरिएको बताए ।

असार १ गते आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले प्रदेश सभामा पेश गरेको बजेटमाथि छलफल सुरु हुन सकेको छैन । बजेटमा नेकपा एमाले र माओवादी केन्द्रका सांसदहरुले संसदीय विकास कोषको बजेट ५ करोड माग गरेका छन् । विपक्षी दलका संसदहरुसँग संसदीय विकास कोषको रकमबारे सरकारले छलफल गरी आन्तरिक रुपमा सहमति गरेको छ । संसदीय विकासको कोषको बजेट नबढाई स्थानीय तहमा पठाइने सशर्त अनुदान कटौती गरी प्रदेश सांसदहरुमार्फतबाट खर्च गर्ने विषयमा सरकार र विपक्षी दलका सांसदहरुबीच सहमति भएका एक प्रदेश सांसदले बताए । प्रदेश सरकारमा नेपाली कांग्रेसका तीन मन्त्री थपिएपछि मन्त्रालयगत बजेट बाँडफाँट र मन्त्रीहरुबीच मन्त्रालयको बजेटमा समेत विवाद हुँदा सरकारले बजेटमाथि छलफल गर्न प्रदेश सभा बैठक बोलाउन सकेको छैन । प्रदेश सभा संसद सचिवालयले बैठक बोलाए पनि सरकारले तयारी नपुगेको जानकारी गराएपछि संसद सचिवालयले प्रदेश सभा बैठक पटक पटक स्थगित गर्दै आएको छ ।

## सवारी साधनको जरिवाना नलाग्ने

जनकपुरधाम । प्रदेश २ सरकारले सवारी साधनमा लाग्ने शुल्क र दस्तुरमा असार मसान्तसम्म जरिवाना नलिने निर्णय गरेको छ । कोरोना संक्रमण नियन्त्रणका लागि लागू गरिएको निषेधाज्ञाका कारण सवारी साधनको शुल्क र दस्तुर बुझाउन नसकेको अवस्थालाई ध्यानमा राखी यस्तो निर्णय गरिएको भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले जानकारी दिए । निषेधाज्ञाले गर्दा सवारी साधन सञ्चालनमा नआएको र यातायात कार्यालय पनि बन्द रहेकाले सरकारले जरिवाना छुट दिएको उनले बताए ।

# युवा समूहका लागि बिपी आकर्षणका केन्द्र थिए

बिपी कोईराला कम्युनिष्टसंग धेरै उल्झिनु भएन। उहाँको अध्ययन कालमा भारतका शिर्षस्थ कम्युनिष्ट नेताहरू श्रीपद अमृत डांगे, ईएमएस नम्बूदरीपाद, मानवेंन्द्र नाथ राय, बिटी रणदीवे आदि संग बिपीको सहकार्य रहेको थियो। यस्ता महान कहलिने कम्युनिष्टहरूबाट बिपी बैचारिक रूपमा अप्रभावित रहनु भएको थियो। यसर्थ बिपी शुरू देखिनै नेपाली कांग्रेसलाई बैचारिक रूपमा कम्युनिष्टसंग फरक देखाउन चाहनु भयो। ठूलो विवाद तथा बित्थाको शास्त्रार्थ नगरी पुष्पलाल श्रेष्ठलाई सम्झाउदै बिपीले भन्नु भएको थियो: 'यदी संसदीय प्रजातन्त्रको लक्ष्यमा कम्युनिष्टहरूले भन्ने गरेको 'आर्थिक समानता' थपि त्यो प्रजातान्त्रिक समाजवाद हुनेछ। यो मलाई मंजूर हुनेछ। र, साम्यवादमा प्रजातन्त्रवादीहरूले भन्ने गरेको 'राजनीतिक स्वतन्त्रता' थपि दिए त्यो प्रजातान्त्रिक साम्यवाद हुनेछ। के कम्युनिष्टहरूले यसलाई स्वीकार्न तयार हुन्छन त ?' बीपीले जीवन पर्यन्त यसको जवाफ पाउनु भएन। तर, यसो भनेर उहाँले नेपाली काँग्रेस र कम्युनिष्टहरूका बीच यौटा बिचार भिन्नताको रेखा खिच्नु भएको थियो। यसो



भनेर बिपी बैचारिक दुनियामा रूचिका व्यक्तित्व भएका थिए । यस्ता सरल सोचका कारणले ठूलो युवा समुहका लागि बिपी आकर्षणका केन्द्र थिए।

दुनिया सन् ६० को दशकलाई टेक्दा सम्ममा साम्यवादको कठिन कूरूप देखा परिसकेको थियो। सोभियत रूसमा लेनिन, स्तालिन, ख्रुश्चेवको नरसंहारयुक्त साम्यवाद र चीनमा माओको साँस्कृतिक क्रांतिको बिरूप तस्वीरबाट संसार भरका युवापुस्ता बिकल्प खोजि रहेको थियो। ठोस आर्थिक परिवर्तनको एजेण्डालाई कार्यान्वयन गर्न नसक्ने संसदीय प्रजातन्त्र अर्थहीन हुने कुरालाई बिपीले राम्ररी मनन गरिसकेको अवस्था थियो। राजा महेन्द्रद्वारा संसदीय व्यवस्थालाई समाप्त गरिनुमा आज धेरैले बिपी र महेन्द्रको 'इगो'को टकराव भनेको पाइन्छ। यो एक अबुझ तर्क हो। तिनताकको सामन्ति व्यवस्थामा बिपीले प्रगतिशील



जयप्रकाश गुप्ता

आर्थिक कार्यक्रमहरूका साथ दिएको धक्कालाई सामन्ति समाजले सहन नसकेको हो। आज नेपाली काँग्रेसले निरपेक्ष संसदीय प्रणालीको कुरा गर्दछ। समाजवाद नेपाली कांग्रेसको लागि परिवर्तनको एजेण्डा बिहीन नारा मात्र भएको छ, जुन अत्तरको भाडोमा गंधहीन पानी भन्दा केही होईन। यस बिषयमा नेपाली काँग्रेस सोच्न चाहदैन। आज प्रतिस्पर्धामा रहेका नेताहरूमा मुलुकलाई आर्थिक-सामाजिक रूपान्तरणका

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# नेपाली कांग्रेसको राजनीति

नेपाली राजनीतिको एउटा प्रमुख प्रजातान्त्रिक पार्टीको रुपमा नेपाली कांग्रेस रहेको छ । यसले राष्ट्र, राष्ट्रियताको संरक्षण र सम्वर्द्धन तथा प्रजातन्त्रिक समाजवादी समाज निर्माण र विकास गर्ने ध्येय राख्दै आएको छ ।

पुरानो इतिहास र विरासत बोकेको नेपाली कांग्रेस अहिले १४औं महाधिवेशनको संघारमा छ । महाधिवेशनको सन्दर्भमा पार्टी पक्षधर बुद्धिजीवीहरू के कस्ता विश्लेषण गरिरहेका छन् र पार्टीको भाग्य र भविष्य निर्माण र सुदृढीकरण गर्न हस्तक्षेपकारी बौद्धिक वैचारिक भूमिका पनि निर्वाह गरिरहेका छन् कि छैनन् भन्ने सन्दर्भ उठेको छ । पार्टी अहिले संस्थापन र संस्थापन इतर समूहका रूपमा खडा भएको अवस्था देखिन्छ । नेपालमा अस्थिरता निम्त्याउने सजिलो काम भनेको पार्टी भित्रको आन्तरिक एकता खलल हुनु हो ।

काँग्रेस महाधिवेशनको संघारमा भएपनि जुन खालको सैद्धान्तिक वैचारिक तथा आगामी कार्यक्रम र कार्यनीति

**महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र उम्मेदवारी चर्चाको रौनकले एक पटक कांग्रेस महाधिवेशनका लागि आमकार्यकर्तामा उत्साह जगाएको छ । अन्तिम समयमा को-को प्रतिस्पर्धामा देखा पर्लान्, अहिले नै निर्क्योल गर्न सक्ने अवस्था भने छैन । महाधिवेशनमा हुने निर्वाचनमा एउटाले जित्ने हो र जसले जिते पनि कांग्रेसले जित्ने हो भन्ने भावना राख्नुपर्छ ।**

विधिका बारेम चर्चा हुनु पर्ने हो, त्यस हुन सकेको छैन । आगामी महाधिवेशनमा सभापतिका प्रत्यासीको लस्कर लागेको देखिन्छ तर अधिकांशले आफू सभापति हुँदा पार्टीलाई र रुख चिन्हलाई बहुमत दिलाउने चुनावी हल्का भाषणबाहेक पार्टीको नीति, विधि र पद्धतिबारे खासै बोलेको पाइन्न ।

एमालेको विरोध गरेर मात्र पार्टी बलशाली हुन्छ र आफू प्रभावशाली हुने भन्ने भ्रम काँग्रेसका नेताहरुमा छ ।

कांग्रेस १४औं महाधिवेशनको वैचारिक पक्षमा ध्यान केन्द्रित गर्न छाडेर विपक्षलाई अस्वस्थ्य गाली मात्र गरेर सबल बन्दैन भन्ने बुझ्नुपर्छ ।

कांग्रेसलाई कांग्रेस जस्तो बनाउन राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक समाजवाद विषयमा महाधिवेशनका बेला पार्टीमा देशव्यापी छलफल हुनुपर्छ । आफ्नै कमजोरीलाई निर्ममतापूर्वक शल्यक्रिया गर्न सक्ने क्षमता काँग्रेस र यसका नेताहरुले देखाउनुपर्छ ।

महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र उम्मेदवारी चर्चाको रौनकले एक पटक काँग्रेस महाधिवेशनका लागि आम कार्यकर्तामा उत्साह जगाएको छ । अन्तिम समयमा को को प्रतिस्पर्धामा देखा पर्लान्, अहिले नै निर्क्योल गर्न सक्ने अवस्था भने छैन । महाधिवेशनमा हुने निर्वाचनमा एउटाले जित्ने हो र जसले जिते पनि काँग्रेसले जित्ने हो भन्ने भावना राख्नुपर्छ । यो प्रतिपर्स्धालाई स्वस्थ बनाएर काँग्रेसले लोकतान्त्रिक पार्टीको आफ्नो छविलाई उजिल्याउन सक्नुपर्छ, धूमिल हुन दिनु हुँदैन ।

# विविधतायुक्त मधेशको मुक्तिको सवाल-२

**विचार-विश्लेषण** भाग-९८



उपेन्द्र झा

**अपेक्षित अधिकार सम्बोधन नभएसम्म भावनात्मक सम्बन्धको भरमा मधेश चुप बस्न सक्दैन । राज्यको घृणात्मक र अपमानजनक व्यवहार रहि रहेसम्म मधेशको संघर्ष जारी नै रहने कुरा मधेशको “फिलिङ्ग” हो ।**

अधिकारका लागि कैयौं पटक भीषण संघर्ष नेपाली राजनीतिमा देखा पऱ्यो । गरिब निमुखा उत्पीडनमा रहेको शेषित वर्गको बलिदान गराएर जुन प्रकारको परिवर्तन सतहमा देखाएको छ, त्यसले देशको शोषित, पीडितको समस्या हल गर्न सकेन । ३ दशकको प्रजातान्त्रिक सरकारको अभ्यासले यही देखाएको छ । यो कस्तो प्रकारको परिवर्तन हो ?

परिवर्तनको नाममा राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र सबैको अभ्यास गरेको अवस्थामा देशको मूल समस्या सम्बोधन हुन नसक्दा आज पुनश्चः राजालाई डाक्ने आवाज उठिरहेको छ । हरेक शासन प्रणालीलाई व्यक्तिवादको दुष्प्रवृति हावी भएर जनतामाझ रुग्न बनाएर बदनाम गरेको कुरा शासकवर्गले स्वीकार गर्दैन । बरु प्रणालीलाई नै दोषी देखाएर फेरि कस्तो परिवर्तन खोजेको हो ?

२५० वर्षदेखि पालित, पोषित खस शासकवर्ग बडो मजबुतीका साथ राज्यसत्तालाई आफ्नो कब्जामा राखेको छ । अधिकार प्रदान गर्ने भनेर जनताद्वारा आन्दोलनको माध्यमले यिनी आफ्नो वर्गका सत्ताधारीलाई विस्थापित गरि सत्ता प्राप्त गर्ने गरेको लामो इतिहास छ । परिवर्तनको नाममा शासकवर्गले व्यक्ति मात्र फेरेको छ । राज्यसत्तामा तात्विक परिवर्तन ल्याउन नसक्ने बलिदानी भीषण आन्दोलनको अर्थ के ? खसवर्गबाट मुक्त हुन नसकेको राज्यसत्ता जनताप्रति उदार कसरी हुन सक्दछ ? कम्युनिज्म वा डेमोक्रेटिक फिलोसफीका अभ्यास पनि यिनै वर्गले यसकारण गरेको छ कि हाम्रो शास्वत रुपमा रहेको शासकीय अधिकार सुरक्षित रहोस् ।

ठूलो चुनौतीको रुपमा आएको मधेश आन्दोलनलाई बडो चतुरे षड्यन्त्रका चक्रव्यूह बनाएर निस्तेज बनाएको शारकवर्गको सफलता देखिएको छ । नीतिगत रुपमा केही कुराको सम्वोधन भएपनि नियत शुद्ध नरहेका कारण ती कुरा मधेशीले पाइरहेका छैनन् । नीति, नियत र व्यवहार मिल्न नसकेर ती कुरा डेलीभर हुन सकिरहेको छैन । यही हो शासकवर्गको समस्या । डिवेटमा संविधानमा दिएका कुराको वकालत गर्न नपाउनुको पनि अनेक कारण झिकी वकालत गर्ने तर जनतालाई दिएको अधिकारबाट वञ्चित राख्ने शासकवर्गको विशेषता हो ।

राजतन्त्रका विरुद्ध अग्रज पार्टीका रुपमा उदाएका नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी पहाड र मधेशका शोषित पीडित जनतालाई संगठित पारि प्रशिक्षण दिए । सामन्तवादका प्रकार र तिनका चरित्र, तथा राज्यसत्ता कब्जा गरी स्वार्थपूर्ति गर्ने तरिका आदि आद्योपान्त दुर्गुणको आख्यान पढाएर जनतालाई सचेत बनाएका थिए । पहिलेका तथा अहिलेको शासन प्रणालीको तुलनात्मक समीक्षा गर्न जनता सक्षम भइसकेको अवस्थामा लोकतन्त्रवादीहरुको शासनकाल दयनीय रहेको ठहराइसकेको छ ।

लोकतन्त्रको ३ देशको अभ्यासमा देशमा परनिर्भरता बढेको, उत्पादन क्षेत्र, उद्योग क्षेत्र धराशायी भएको, बजेट बराबरको व्यापार घाटा रहेको, सरकार तथा सरकारी निकाय भ्रष्टचारमा चुर्लुम्म डुबेको घुसबिना जनताको कुनै काम नहुने गरेको, महगाई, बेरोजगारी, हत्या, हिंसा, बलात्कार बढेको, देशको यस्तो विकृत छविबाट लोकतान्त्रिक सरकारको प्रशंसा गर्ने ठाँउ छ र ? चेतनशील जनतालाई झुक्याएर शासन गर्ने अवस्था छैन । अबको समय जनता र देशको उन्नति प्रगतिको समय भएकोले वंशजको आधारमा शासन गर्न नपाउने जनताकै अभिमत छ ।

मधेशको विविधतालाई आफ्नो स्वार्थसँग जोडेर फायदा लिने सूक्ष्म षड्यन्त्रलाई पनि मधेशका जनताले विश्लेषण गर्न थालेका छन् । राजनीतिक चेतना उठेका कारण नै कांग्रेस र कम्युनिष्टको संगठनबाट बाहिर निस्केर मधेश अधिकारका लागि आफ्नो धरातलबाट विद्रोह गरेका थिए । शासकवर्गलाई नै ढाल्ने गरि दिएको चुनौती पुनश्चः मधेशबाट आउन सक्ने प्रवल सम्भावनालाई इन्कार गर्न मिल्दैन ।

शासकवर्गको अहिले पनि मधेशलाई हेर्ने दृष्टिकोण, नियत र व्यवहारमा किञ्चित परिवर्तन नदेखिनु पुनश्चः संघर्षको आँधी आउने संकेत हो । राजेन्द्र महतो तथा महन्थ ठाकुरको नागरिकता विषयमा मीडियामार्फत अपमानजनक व्यवहार शासकवर्गको घृणाको चरम अवस्था देखाउँछ । राजेन्द्र महतोलाई म्यादी आदेश दिएर सिंहहरबार प्रवेशमा रोक लगाउने एउटा अतिवादीले पोष्टर टाँस्दै हिंड्दा पनि सरकारले यसलाई हास्य विनोदको प्रसंग बुझेर नजरअन्दाज गर्नु मधेशप्रतिको घृणित सोचलाई दर्शाउँछ । यहि घटनाहरु हुन मधेशलाई पुनश्चः जोडेर राज्य विरुद्ध संगठित बनाउने ।

यिनको र उनको अहिले पनि भारत भूमिमा घर छ भनेर अनुसन्धानमा खटिएका विज्ञहरुको टोवी फिर्ता आएर टिभीको अन्तर्वार्तामा महन्थ ठाकुर र राजेन्द महताको जन्मकुण्डलीबारे आद्योपान्त सुनाउँदा पनि सरकारले कारवाही किन गर्दैन । विज्ञ टोलीको प्रतिवेदन सरकारलाई बुझाएर कारवाही गराउन नसक्ने यी अतिवादीहरुबाट संचालित छन्, स्पष्ट बुझिन्छ । एक हातले सुम्सुम्याउने अर्को हातले नागरिकता खोसिदिने धम्की दिने यस्तो निकृष्ट व्यवहार बन्द गर्नु पर्दछ । नागरिकता सम्बन्धि कारवाहीबाट के मधेशको चुनौती समाप्त हुन्छ ?

राज्यसत्ता र मधेशबीचमा रहेको अन्तर्विरोध राजतन्त्रभन्दा लोकतन्त्रमा धैरै बढि चर्केको हो । खुला वातावरणमा बढि शोषित हुन पुगेको मधेशले प्रतिकार गर्न विद्रोह नै गर्नु पऱ्यो । यस विद्रोहलाई निस्तेज पार्न राज्यले अनेक हथकण्डा प्रयोग गरेर मधेशलाई पछाडि धकेल्न सफल भएको छ । तर मधेशले पनि अन्तर्विरोधका प्रकारहरु तथा राज्यले गरेका षड्यन्त्रको सूक्ष्म विश्लेषण गरेको छ । प्रयोगमा आएका विभिन्न षड्यन्त्रका अव्ययहरु मधेशको जानकारीमा आइसकेको छ ।

अपेक्षित अधिकार सम्बोधन नभएसम्म भावनात्मक सम्बन्धको भरमा मधेश चुप बस्न सक्दैन । राज्यको घृणात्मक र अपमानजनक व्यवहार रहि रहेसम्म मधेशको संघर्ष जारी नै रहने कुरा मधेशको “फिलिङ्ग” हो । जातिवाद, उँचनीच, धर्मभेद आदि देखाएर मधेशलाई टुका बनाउने राज्यले आफ्नो नीच व्यवाहारकै कारण मधेशलाई पुनश्चः एकताबद्ध बनाउने छ । मधेशमा जतिसुकै विविधता देखिएपनि राज्यले दिएको समान उत्पीडनले मधेश कुनै पनि बेला आफ्नो स्वाभिमानको रक्षार्थ एकजुट हुनेमा किञ्चित द्विविधा देखिदैन ।

janukjha24@gmail.com

# आमनागरिकको हैसियत, शक्ति र दोषी को ?

**विश्वराज किरात**

**नेपालमा पहिलोपटक जनताको प्रतिनिधिहरुले संविधान बनाए । संविधान जारी भएको छोटो समयमा नै खारेजीको बाटोमा लागेको छ । नेपाली जनताले आशा र भरोसा गरेको संस्था पनि काम गर्न सक्ने अवस्था देखिँदैन । आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, महिला लगायत पिछडिएका जनताको अधिकारहरु लिपिबद्ध नभएकै कारण यो संविधानको आयु कम देखिएको छ ।**

**संघीय मुलुक नेपालको राजनीतिक अवस्था यतिबेला अस्थिर मोडमा रुमलिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछि आमनेपाली नागरिकले सोको ठिक विपरीत अर्थात् नेपालमा अब अस्थिर एवं राजनीतिक खिचातानीसँगै झिनामसिना सत्तारोहण विसंगतिको अन्त्य हुने अपेक्षा राखेका थिए । संविधान जारी भई संघीय मुलुकको राज्य व्यवस्था रुपान्तरणको झण्डै डेढ दशक बढीको अन्तरालमा** संविधान जारी पछिको राजनीतिक अवस्थाले आमनागरिकको अपेक्षा, आकांक्षामा तुषारापात गराएको आभाष यतिखेरको राजनीतिक अवस्थाले छर्लङ्ग पारेको छ । जबकि संविधान जारी पछि राष्ट्रको राजनीतिक अवस्था संविधानलाई अक्षरशः कार्यान्वयन गर्ने गराउने संघीय राज्य पद्धतिलाई संस्थागत स्थायीत्व कायम गराउने जनचाहना र जनभावना थियो । आमजनताका त्यस्ता उत्कट भावना र चाहनालाईसमेत विगतको राजनीतिक अस्थिरता र विकृतिले झै वर्तमानमा पनि तुहाइदिएको अवस्था स्पष्ट हुन्छ ।

यी सबैको दोष मुख्यतः राजनीतिक दल र तिनका नेताहरुलाई भन्दा पनि आफ्नो अमूल्य मतदान गर्ने अझ नागरिकहरु नै हुन कि भन्ने प्रश्न यतिबेला उठिरहेको छ । किनकि संघीयताको निम्ति बलिदानीपूर्ण संघर्ष गर्दै मुलुकमा वर्षौंदेखि लादिएको एकात्मक निरंकुश, जातिवादी शासकको समूल अन्त गर्नुको विकल्प अन्य थिएन भन्नमा अतिश्योक्ति नहोला फलस्वरुप राष्ट्रमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित हुन पुगेको थियो । जसले राष्ट्रमा संघीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक, समावेशितासँगै राष्ट्रमा संघीय ( केन्द्रीय) प्रदेश राज्य र स्थानीय तह ( सरकार) गरी तीन किसिमको राज्यस्तरका सरकार सञ्चालनमा रहेको अवस्था छ ।

यी सबै राज्य प्रणाली रुपान्तरणको निमित्त आमनागरिक र राजनीतिक दलहरुको भूमिका अहम भएतापनि अन्ततः राज्य व्यवस्थालाई ठोस रुपमा कार्यान्वयन र संस्थागत स्थायीत्व प्रदान गर्न राज्य संयन्त्रमा बस्नेकै प्रमुख हात हुने भएकोले राजनीतिक दल सम्बद्ध नेताहरुको ठूलै कमीकमजोरी रहेको कसैबाट नकार्न सकिन्न ।

यसर्थ भारी मतदान गरी राज्यको सत्तारोहण गराउने जनादेश प्राप्त राजनीतिक दल र तिनको नेताहरुलाई अब आमनागरिकले प्रष्टसँग पहिचान गरी चाहे सत्ताधारी दल हुन वा विपक्षी दल तिनीहरुको जनउत्तरदायी गतिविधिलाई आजैदेखि गम्भीर भएर अध्ययन, मनन् गरी पुनः एक पल्ट जनाधिकार स्थापनाको विकल्प खोज्नै पर्ने परिस्थिति सिर्जना भएको छ । तब मात्रै आमनागरिकको हैसियत, शक्ति र दोषी को ? रहेछ भन्ने कुरा राजनीतिक, नैतिक भ्रष्ट ,निरंकुशताको पृष्ठपोषक,अतिवादी, षड्यन्त्रकारी, सदैव सत्ताको लुछाचुडीमा लागि पर्ने, राष्ट्रवादी भन्दै गुपचुपमा राष्ट्रद्रोही कार्य गर्ने,संघीयता,लोकतन्त अनि गणतन्त्रको नाममा कुलीनतन्त्र लाद्न खोज्ने,धर्म निरपेक्षताको बदला नजानिदो तवरले सापेक्षतालाई प्रश्रय दिने तिनै नेताहरुले हेक्का राख्नेमा दुई मत्त नहोला कि !!

*(लेखक सुम्निमा साप्ताहिकका सम्पादक हुन् ।)*

# जसपा एकीकरण नै अप्राकृतिक थियो



## रेणु यादव

### केन्द्रीय कार्यकारिणी समिति सदस्य
### जनता समाजवादी पार्टी नेपाल

**० पूर्वराजपा र पूर्वसमाजवादीबीच रातारात एकीकरण भयो तर एक वर्षमै विभाजित अवस्थामा पुगिसकेको छ, किन ?**

–मधेशको अधिकारका लागि राजनीति गर्ने दलहरु अलग-अलग नभई एक भएर अगाडि बढोस् भन्ने मधेशका जनताको चाहना थियो। चुनाव अगाडि जनताको म्यान्डेडअनुसार तत्कालीन दुवै पार्टी गठबन्धनमा गयो। त्यो गठबन्धनलाई जनताले स्वागत गरे। त्यसकारणले प्रदेश २ मा हामी सरकार बनाउन पनि सफल भयौं। चुनावका बेला एकता सम्भव भएन। स्थानीय चुनावका बेला पूर्वराजपाले प्रदेश २ बाहेक सबै प्रदेशमा चुनाव बहिष्कार गरेको थियो। पूर्वराजपाका नेताहरुले मधेशका माग पूरा भएको छैन, संविधान हाम्रोअनुरुप छैन त्यसैले चुनावमा भाग लिँदैनौं भनेका थिए। तर हाम्रो तत्कालीन समाजवादी पार्टीले स्थानीय तहको चुनावमा भाग लिएको थियो। हामीले संविधानमा भएका त्रुटिहरु सच्याउनुपर्छ, पुनर्लेखन, संशोधन गर्नुपर्छ तर राम्रा पक्षलाई स्वीकार गरेर यसलाई बचाउनुपर्छ भनेर हामी चुनावमा भाग लिएका थियौं। तर जनताले पार्टी एक हुनुपर्छ भनेका थिए। हाम्रा अध्यक्ष उपेन्द्र यादवले एकताका लागि विचार, सिद्धान्त र कार्यदिशा मिल्नुपर्‍यो त्यसपछि हामी एकीकरण गर्न सकिन्छ भन्नुभयो।

हामीसँग एकताको कुरा गर्दा उहाँहरुले तपाइँहरु सरकारमा पनि हुनुहुन्छ, कसरी एकता हुन्छ, सरकारबाट बाहिर आउनुपर्‍यो भन्नुहुन्थ्यो। त्यसकै लागि प्रयास चल्दै थियो। एकता गरेर जानु राम्रो हो भनेर हामी एकतामा गयौं। हतार-हतारमा गरेको कुरा कहिलेकाँही दुर्घटनामा फसिन्छ। हतार-हतारमा एकता गर्दा उहाँहरुसँग नीति र सिद्धान्त मिलेन। उहाँहरुको कतिपय ठाउँमा संगठन पनि थिएन। हाम्रो सबै ठाउँमा संगठन थियो तर उहाँहरुको एउटा भीड जम्मा भएको जस्तो थियो, अध्यक्षमण्डलको रुपमा थियो। त्यो अवस्थामा पार्टी एकीकरण त भयो तर समायोजन प्रक्रियामा जहिले पनि उहाँहरुको भागवण्डा मिलिरहेको थिएन। तर पनि हामीले मिलाएर जानुपर्छ भन्ने पक्षमा थियौं।

यता आएर ओलीजीले संविधानमा प्रावधानै नभएको कुरा एकलौटी ढंगबाट प्रतिनिधिसभालाई विघटन गर्नुभयो त्यसको घोर विरोध हामी सबैले गर्‍यौं। त्यो प्रतिगामी कदमको जसपाका पूर्वराजपाका नेताहरुसमेतले विरोध गरे। केपी ओलीले संविधानलाई मिच्दै जानुभयो। ती सबै प्रतिगामी कदमको हामी विरोध गर्‍यौं। यही बीचमा पूर्वराजपाका नेताहरु सरकारमा जान तयारी गर्न थाल्नुभयो। तर हामीले केपी ओलीको प्रतिगामी कदममा साथ दिनु हुँदैन, यो अवस्थामा सरकारमा जान हुँदैन भन्दाभन्दै पनि एकलौटी ढंगले पार्टीमा छलफल नै नगरी सरकारमा जानुभयो। पार्टीको निर्णयविपरीत केही नेताहरु हतार-हतारमा सरकारमा जानुभयो। यसबाट के देखियो भने पार्टीभित्र मन, नीति, सिद्धान्त मिलेन भने कसरी एक ठाउँमा बस्न सकिन्छ।

**० भनेपछि यो एकता नै अप्राकृतिक थियो ?**

– पार्टी एकताका लागि हामीले अलिकति विचार विमर्श गर्न सकेनौं। उहाँहरु पनि मधेशकै लागि राजनीति गरिरहनु भएको छ, उहाँहरुसँग हाम्रो विचार र सिद्धान्त मिल्छ भन्ने हामीलाई लागेको थियो। तर व्यवहारमा हामीले त्यो पाएनौं। पार्टी गठन भएको एक वर्षसम्म समायोजनमा कहिल्यै पनि उहाँहरुको ध्यान गएन। पूर्वराजपाका ६ जना अध्यक्षबीच भागवण्डा नै मिलिरहेको थिएन। तैपनि हामीले मिलाउँदै जाऔं भनिरहेका थियौं। तर जब केपी ओलीको असवैधानिक कदममा जसरी उहाँहरुले साथ दिन खोज्नुभयो त्यो हाम्रा लागि असहनीय, निन्दनीय र जनताको भावनाविपरीत गर्नुभयो। त्यसपछि हामीबीच दूरी बढ्दै गयो। कुनै पनि निर्णय गर्न अहिलेको कार्यकारिणी समिति सर्वोपरि थियो। त्यो कार्यकारिणी समितिका बहुमत सदस्यले गर्ने निर्णय मान्नुपर्ने हुन्छ। बैठक बोलाउँदा महन्थ ठाकुर पक्षका नेताहरु नआउने, बहुमत सदस्यले गरेका निर्णयहरु नमान्ने तर सिधै मन्त्रीको शपथ ग्रहण गर्ने जस्ता कार्यहरु गर्नु सरासर जनताप्रतिको धोका हो। त्यसै कारणले कसैसँग यदि सिद्धान्त मिल्दैन भने एक ठाउँमा बस्नुको औचित्य छैन।

**० त्यसो हो भने रातारात किन एकता गर्नुपरेको थियो ?**

– हाम्रो एउटै एजेण्डा हो, मुद्दा एउटै हो भने एकता किन नगर्ने भन्ने विषयमा लामो समयदेखि गृहकार्य भइरहेको थियो। जनताको पनि अपेक्षा थियो कि यी दुई दलबीच एकीकरण होस् भनेर। त्यो हो भने एकीकरणमा जाऔं भन्ने कुरा थियो। एकताका बेला उहाँहरुले मिठो-मिठो कुरा गर्नुभएको थियो। तर उहाँहरुको भित्री कुरा हामीलाई थाहा थिएन। हामी कुनै पनि कार्यक्रममा जनताले दुवै पार्टी किन मिल्न सक्दैन भन्ने प्रश्न गर्थे। त्यसैले हामी यो देशको एउटा वैकल्पिक र शक्तिशाली पार्टी बनाउन सक्छौं भन्ने सोच थियो। हामीलाई पहाडका आदिवासी जनजातिले पनि पत्याएका थिए। हामी वैकल्पिक शक्ति निर्माण अभियानमा लागेका थियौं। तर उहाँहरु क्षेत्रीय पार्टीभन्दा पनि व्यक्तिगतरुपमा पार्टी चलाउन थाल्नुभयो। उहाँहरु ओलीको सरकारमा जुन कुरा देखाएर जानुभयो त्यो एउटा पनि पूरा भएको छैन। नागरिकता अध्यादेशलाई उहाँहरुले ठूलो जीतको रुपमा लिएर सरकारमा जानुभयो। तर हामीलाई थाहा थियो कि संसदमा बहस नै नगरी त्यो कार्यान्वयन नै हुन सक्दैन। ओलीजी आफ्नो कुर्सी बचाउनका लागि त्यो अध्यादेश ल्याउनुभएको थियो। तर त्यसलाई सर्वोच्च अदालतले खारेज गरिदियो। रेशम चौधरी लगायतका मुद्दाहरु त्यस्तै छन्। यसबाट के देखियो भने उहाँहरु सत्तामा जान लागि कति दिनदेखि लालायित थिए, रातारात नै झण्डावाला गाडीमा हतारमा बस्नुभयो। यसको नतिजा के भयो भने कोही हेलिकप्टरमै हुँदा र कोही गाडीमै हुँदा मन्त्री पद खुस्कियो। त्यसकारणले राजनीतिमा नीति, सिद्धान्त, व्यवहार मिल्नु आवश्यक छ।

**० अब जसपाको आधिकारिकता कसले पाउँला त ?**

– आधिकारिकताभन्दा पनि हाम्रो देशमा हरेक कुराका लागि नियम कानून, संविधान र नियम कानून लागू गराउनकै लागि हाम्रो देशमा अदालत र निर्वाचन आयोग छ। निर्वाचन आयोगले पनि राजनीति गर्न थाल्छ भने निर्वाचन प्रणाली कस्तो हुन्छ ? न्यायालयका न्यायाधीशहरु राजनीति गर्न थाल्छ भने आम जनताले न्याय माग्न कहाँ जान्छन् ? त्यसैकारणले निर्वाचन आयोगले नीति, नियम र कानूनअनुरुप आधिकारिकता दिनुपर्दथ्यो। तर आयोगले त्यो गर्न सकेन। पार्टीहरुलाई मिलाउने काम निर्वाचन आयोगको होइन। आयोगले दस्तावेजहरु हेरेर निर्णय दिनुपर्ने हो। हाम्रो पक्षले सारा प्रक्रिया पुर्‍याएर आफ्ना डकुमेन्ट आयोगमा बुझाएका छौं। सोहीअनुसार आयोगले निर्णय दिनुपर्नेछ।

**० उपेन्द्र यादवसँग केन्द्रीय कार्यकारिणी समितिमा बहुमत छ त ?**

– कार्यकारिणी समितिमा हाम्रो बहुमत छ। हामीले सबै प्रक्रिया पुर्‍याएका छौं।

**० तर महन्थ ठाकुर पक्षले पनि आफूहरुसँग बहुमत रहेको दाबी गर्नुभएको छ नि ?**

– छैन, छैन। यहाँहरुसँग बहुमत छ भने देखाउनुपर्‍यो नि। आफैले आफैलाई म ठूलो हुँ भनेर हुँदैन नि। त्यसका आधारहरु पनि देखाउनुपर्ने हुन्छ। हामी बहुमत दाबी गर्दा सबै व्यक्ति पनि उपस्थिति भएका छन्। यदि उहाँहरुसँग बहुमत छ भने सबैलाई सशरिर उपस्थित गराए भने भइहाल्यो नि। कानूनले मौखिकरुपमा भनेको कुरालाई मान्दैन, आधारहरु चाहिन्छ।

**० तपाइँहरु पाँच दलीय गठबन्धन बनाएर शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनुपर्ने माग दाबी सर्वोच्च अदालतसमक्ष गर्नुभएको छ। तपाइँहरुको पक्षमा फैसला आएपनि प्रधानमन्त्री बनाउने सम्भावना कम हुँदै गएको छ। माधव नेपाल समूह ओलीसँग मिल्न लागेको छ। त्यसपछि के हुन्छ ?**

– सरकारमा जाने वा नजाने भन्दा पनि हामीले प्रतिगामी कदमको विरोध गरेका छौं। यो देशमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता लगायतको रक्षाका लागि केपी ओलीको गलत कदमको विरोधमा हामी १४६ जना सांसद अदालत पुगेका छौं। हामीले संविधानको धारा ७६ (५) अनुसार सर्वोच्च अदालतमा गएका छौं। सर्वोच्चले हाम्रो पक्षमा फैसला दिनुपर्छ। किनभने संविधानमा उल्लेख भएको कुरालाई सर्वोच्च अदालतले इन्कार गर्न पाउँदैन। अब माधव नेपालजी मिल्नु हुन्छ कि मिल्नु हुन्न भन्ने कुरा छैन। माधव नेपालजी केपी ओलीसँग मिल्नुहुन्छ जस्तो हामीलाई लागेको छैन।

**० केपी ओली र माधव नेपालबीच वार्ता जारी छ, शक्ति बाँडफाँटमा बार्गेनिङ्ग भइरहेको छ नि ?**

– माधव नेपालजीले केपी ओलीको प्रतिगमनकारी कदमलाई दिनुहुन्छ जस्तो हामीलाई लाग्दैन। यदि त्यसो गर्नुभयो भने त्यो पछिको कुरा हो। अहिले नै भन्न सकिन्न।

# हिन्दू राष्ट्रको पक्षमा माहोल बन्दै गएको छ



## सन्तोष पटेल

### अध्यक्ष, हिन्दू परिषद् नेपाल

० नेपाललाई पुनः हिन्दू राष्ट्र कायम गर्नुपर्ने माग जोडतोडका साथ उठिरहेको छ। यसका लागि हिन्दू परिषद् नेपाल के गर्दैछ ?

– अहिले पनि नेपाल हिन्दू राष्ट्र नै हो। विश्वमा नेपालको पहिचान पनि हिन्दू राष्ट्रकै रुपमा थियो। नेपाल हिन्दू राष्ट्र भएको बेलामा पनि सबै नेपाली मिलेरै बसेका थिए। प्रायोजितरुपमा विदेशीको इशारामा केही नेताहरुलाई किनमेल गरेर हामी नेपालमाथि जबरजस्ती धर्मनिरपेक्षता थोपिएको हो। जबदेखि धर्मनिरपेक्ष लादियो तबदेखि मात्र हिन्दू समाजलाई तोड्ने, फोड्ने, दमन गर्ने र गुण्डागर्दी गर्ने काम भइरहेको छ। यो धर्मनिरपेक्षको नाममा हामी नेपालीबीच कसरी फुट ल्याउने षड्यन्त्र हुँदैछ। हिजोसम्म एकअर्काको पर्व हुँदा सबै मिलेर हर्षोल्लासका साथ मनाइन्थ्यो। तर धर्म निरपेक्षको नाममा विदेशी एनजीओहरु केही राजनीतिक दलमार्फत् चलखेल गरियो। धर्मनिरपेक्षको नाममा धर्मान्तर धेरै हुन थाल्यो। विदेशी हस्तक्षेप बढ्यो। त्यसैले अहिले जनता र नेताहरुमा पनि अनुभूति हुन थालेको छ कि हिन्दू राष्ट्रबिना नेपाललाई बचाउन सकिँदैन। सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्ने सेतु हो हिन्दू राष्ट्र नेपाल। हिन्दू राष्ट्रको मतलब अर्को धर्मलाई धपाउनु होइन। नेताहरुमा सद्बुद्धि पलाएको छ। केही दिनमा नै नेपाल हिन्दू राष्ट्र घोषणा हुन्छ।

**० नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्ने दलहरुले किन हिन्दू राष्ट्रलाई हटाएका होलान् ?**

– नेपाल धर्मनिरपेक्ष हुनुपर्छ भनेर कसैले पनि आन्दोलन गरेका थिएनन। ठूला दलका केही मुठ्ठिभर नेताहरु काठमाडौंमा बसेर धर्मनिरपेक्ष ल्याए। नेपाललाई धर्मनिरपेक्ष गर्ने सबै नेताहरु हिन्दूकै छोराछोरी थिए। उनीहरु पैसाका लागि आफ्नो धर्म बेचे, धर्म परिवर्तन गरे। इस्लामिक र इसाई राष्ट्रहरु जसरी पनि नेपाललाई धर्मनिरपेक्ष गर्नुपर्छ भनेर लागेका थिए। विश्वभरिको हिन्दूहरुको आस्थाको केन्द्र भनेको नेपाल हो। हिन्दूहरुको आस्थाको केन्द्र मेटाउन खोजियो। हिजो केही नेताहरु पैसा खाएर जबरजस्ती धर्मनिरपेक्ष लेखे। तर अहिले आफ्नै कार्यकर्ताहरु विद्रोह गर्छ भन्ने नेताहरुमा डर पलाएको छ। अहिले नेताहरुमा सद्बुद्धि आएको छ। नेताहरु सुध्रिने पाटोमा हिन्दू राष्ट्रको पक्षमा माहोल बनाइरहेका छन्।

**० नेपाली जनताको एजेन्डा धर्मनिरपेक्ष थिएन त ?**

– नेपाली जनताको माग धर्मनिरपेक्ष हुँदै होइन। विदेशीलाई खुस पार्नका लागि जबरजस्ती नेपालीमाथि धर्मनिरपेक्ष लादिएको हो। ९४ प्रतिशत ओमकार परिवार भएको देशमा जनमत संग्रह गराउनुपर्ने हो नि। १०-१५ जना नेताहरु एउटा कोठामा बसेर विदेशीलाई खुशी पार्न जबरजस्ती नेपालीमाथि लादिएको हो। उनीहरुले पैसाका लागि धर्म बेचे। जसले पैसाका लागि धर्म बेच्न सक्छ, उसले मुलुक पनि बेच्न सक्छन् नि। त्यसैले आज हिन्दू राष्ट्र घोषणाका लागि जनताको दबाब सिर्जना भइरहेको छ। नेपाललाई जोगाउन हिन्दू राष्ट्र बनाउने बाहेक अर्को विकल्प छैन।

**० चुनाव पनि आउँदैछ, नेताहरुले चुनावी एजेण्डाको रुपमा हिन्दू राष्ट्रको मुद्दा उठाएका त होइनन् ?**

– होइन, नेताहरुमा सद्बुद्धि नै पलाएको हो। हिन्दू राष्ट्रलाई चुनावी एजेण्डा बनायो भने त्यसले फेरि पनि नेपाली जनतालाई ठग्ने काम गर्छ। किनभने हिजोको दिनमा राप्रपाले पनि चुनावी एजेण्डा बनायो र ठग्ने काम पनि गर्‍यो। त्यसैले कुनै पनि दलले यसलाई चुनावी एजेण्डा बनाउँछ भने फेरि हामी नेपालीहरुसँग धोका हुन्छ। चुनाव अगावै नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्दछ। किनभने ९५ प्रतिशत सनातन भएको देश हो र कुनै पनि गैरहिन्दू धर्मावलम्बीले कहिल्यै पनि आन्दोलन गरेन। यो जबरजस्ती ल्याइएको हो। विदेशबाट आयातितहरुले मात्रै खुरपाती गरिरहेका छन्। त्यसैले चुनावी एजेण्डामा नेपाली जनता फस्नेवाला छैन। नेताहरुको चुनावी एजेण्डा विकास, सुशासन, रोजगारी, स्वास्थ्य, शिक्षा लगायतका विषयलाई बनाइनुपर्छ। हिन्दू राष्ट्रलाई चुनावी एजेण्डा बनाइयो भने जनताको त्यो भ्रममा पर्नेवाला छैन। तसर्थ, चुनावभन्दा पहिला नै नेपाललाई हिन्दू राष्ट्र गर्नुपर्छ।

**० नेपाल कहिलेसम्म हिन्दू राष्ट्र घोषणा भइसक्छ त ?**

– हाम्रो देशमा अहिले हिन्द्र राष्ट्र घोषणाका लागि धेरै राम्रो माहोल बनेको छ। म सम्पूर्ण नेपालीहरुमा आग्रह गर्न चाहन्छु कि व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जो जुन पार्टी वा संगठन भएपनि कमसेकम एक पटक जनदबाब सिर्जना गर्नुपर्छ। जनदबाबबाट १०-१५ जना नेताहरु ट्र्याकमा आए भने जुनसुकै बेला नेपाल हिन्दू राष्ट्र हुने सम्भव छ। किनभने कुनै पनि राजनीतिक दलका तल्लो तहका नेताहरु हिन्दू राष्ट्रको विरोधमा छैनन्। माहोल बनिसकेको छ, नेताहरुले चाहेर होस् वा नचाहेर होस् नेपाल अब हिन्दू राष्ट्र हुन्छ। अबको केही महिनाभित्रै नेपाल हिन्दू राष्ट्र घोषणा हुन्छ।

**० नेपाल हिन्दू राष्ट्र हुनुपर्नेमा छिमेकी राष्ट्रहरुको कस्तो दृष्टिकोण देखिरहनुभएको छ ?**

– विश्वभरिका हिन्दूहरुको आस्थाको केन्द्र भनेको नेपाल हो। गौतम बुद्ध जन्मेको भूमि, अराध्यदेव पशुपतिनाथ भएको ठाउँ, माँ जानकी जन्मेको देश, शालिग्राम पाउने ठाउँ र विश्वमा सबभन्दा बढी बली प्रदान गरिने ठाउँ भनेको महागढीमाई मन्दिर लगायत थुप्रै हामीसँग विश्वप्रख्यात आस्थाका केन्द्रहरु छन्। नेपाल भनेको देवभूमि, तपोभूमि लगायत हामीजस्तो सुन्दर, शान्त मुलुक अन्य छैन। त्यसैले अहिले राम्रो माहोल पनि छ, यसमा सबैले आआफ्नो ठाउँबाट अभिभावकीय भूमिका हुनुपर्दछ। खासगरी हाम्रा दुवै छिमेकी भारत र चीनको पनि चाहना छ कि नेपाल हिन्दूराष्ट्र होस्। त्यसैले हामीसँग छिमेकीको पनि सद्भाव छ।

**० तपाइँहरुको माग हिन्दू राष्ट्र मात्र हो कि राजसंस्था पनि ?**

– लाखौं नेपालीहरुको परिवारको रुपमा हिन्दू परिषद् नेपाल हो। हिन्दूत्व र राजा भनेको फरक-फरक विषय हो। यसलाई सँगै जोडेर हेर्न मिल्दैन। हिन्दू राष्ट्रको माग गर्नु भनेको राज संस्था पनि हुनुपर्छ भन्ने होइन। हिन्दू राष्ट्र नेपाल भइसकेपछि नेपाली जनतालाई राजाको आवश्यकता महसुस गरे भने त्यो निर्णय जनताले नै गर्ने हो। हामीले राजसंस्था वा राजा नै हुनुपर्छ भन्ने सरोकारको विषय होइन। हाम्रो एउटा मात्र चाहना र माग भनेको नेपाल हिन्दू राष्ट्र हुनुपर्छ।

**० नेपालमा राजसंस्था हुँदासम्म नेपाल हिन्द्र राष्ट्र थियो, तर राजसंस्था हट्ने बित्तिकै धर्मनिरपेक्ष भयो। भनेपछि हिन्दू राष्ट्रका लागि राजसंस्था नै चाहिन्छ भन्ने पनि कतिपयको तर्क छ नि ?**

– हिजोसम्म नेपाल हिन्दू राष्ट्र थियो र राजालाई एउटा अभिभावकको रुपमा पूरा विश्वले मानेकै हो। तर त्यो दुई फरक विषय थियो। कहीं न कहीं नेपाल धर्म निरपेक्ष हुनुको एउटा कारण राजसंस्था पनि हो। राजाले त्यो बेला दीर्घकालीन रुपमा हेरिदिएको भए, आज त्यो अवस्था आउने थिएन। राजाकै पालामा हिन्दुमाथि शोषण भएको धेरै घटनाहरु छन्। क्रिष्चियानिटीदेखि लिएर इसाईकरणले त्यो बेलादेखि नै काम गरिरहेको छ। राजाको पालामा मुस्लिमहरुलाई मक्कामदिना जानका लागि लाखौं सहयोग गरिन्थ्यो। तर हिन्दू राष्ट्र भएको बेलामा चारधाम जानका लागि कुनै सुविधा पनि थिएन। त्यसैले राजसंस्था र हिन्दूराष्ट्रलाई सँगै जोड्न मिल्दैन। अहिले धेरै नेपालीहरु हिन्दू राष्ट्रप्रति प्रतिबद्ध छन्। केही नेपालीहरुको राजासहितको हिन्दू राष्ट्र हुनुपर्छ भन्ने पनि धारणा छ। त्यसैले हिन्दू परिषद् नेपाल स्पष्ट छ कि नेपाल हिन्दू राष्ट्र हुनुपर्छ। नेपाली जनताले जसरी राजालाई फाले त्यसरी नै नेताहरुलाई फालेर राजा ल्याउन सक्छ। त्यो कुरा नेपाली जनतामा निहित छ।

**० भनेपछि राजसंस्था तपाइँहरुको माग होइन ?**

– राजसंस्था हाम्रो सरोकारको विषय होइन। राजा त अन्य मुलुकहरुमा पनि छ नि। तर त्यहाँ हिन्दू राष्ट्र त छैन। व्यवस्था जेसुकै होस्, नेपाल सनातन हिन्दू राष्ट्र हुनुपर्छ भन्ने हाम्रो स्पष्ट एजेण्डा छ।

# संघीयताको बाढीमा डुब्यो मधेशवाद



ई.कौशल गोपालवंशी

वि.सं. २०७२ साल असोज ३ गते मुलुकले नयाँ संविधान “संघीय गणतान्त्रिक लोकतान्त्रिक संविधान” पायो । यो संविधानको मूल व्यवस्था भनेको नै संघीय प्रणाली हो । संविधान जारी हुने लगतै देश संघीयतामै भयो । देशमा चारैतिर संघीयताको बाढी आयो । सिंहदरबारदेखि लिएर वडा कार्यालयसम्म संघीयताको बाढी आयो ।

यसरी आएको संघीयताको बाढीले देशको हरेक निकायलाई तीन टुक्रामा बाँड्न थाल्यो । संघीयताले सरकारी तथा गैरसरकारी निकायलाई मात्र होइन यसले समान पहिचान भएको समुदायहरुलाई पनि ७ टुक्रामा विभाजन गरियो । जसको असर अहिले आएर देखा पर्न थालेको छ । संघीयता आएपछि धेरैको अस्तित्व नै हराएको छ । सबैको पहिचानलाई जोगाउनका लागि पहिचानसहितको संघियता ल्याएको नेताहरुको दाबी थियो । तर व्यवहारमा ठिक विपरीत देखियो ।

संघीयता आएपछि सबैलाई अपनत्व बोध हुने भनेकोमा आफ्नैबाट पराई तत्वको अनुभूति हुन थालेको छ । संघीयता र पहिचानको कुरालाई लिएर मधेश सधैं अगाडि आउँछ तर संघीयताले सबभन्दा बढी मधेशलाई नै क्षति गरेको देखियो । हुन त नेपालमा संघीय शासन प्रणाली हुनुपर्छ भन्ने विषयमा पहिलादेखि नै मधेश/मधेशीको जोड थियो र रहेको पनि छ । पहिचानसहितको समानुपातिक समावेशी संघीय शासन प्रणालीका लागि मधेशीले दिएको बलिदान कसलाई थाहा छैन र । जसले जति बलिदानी दियो त्यसले त्यति अवसर पाउनुको साटो सबभन्दा बढी घाटा मधेशलाई नै पुग्यो ।

मधेशले संघीयताबाट नेपालमा छुट्टाछुट्टै पहिचान भएको अन्य समुदाय पनि छन् भन्ने कुराको स्थापित गर्न पनि खोजेको थियो । तर अहिलेको वर्तमान राजनीतिक अभ्यास देखिँदा यो होला जस्तो नलाग्नुको पर्याप्त उदाहरणहरु छन् । प्रदेशहरुको नामाकरण नै संघीयताको मूल्यमान्यता विपरीत राखेको देखिन्छ ।

बागमती नदिको लोप हुँदै गरेकोले बागमती नाम राखी जनताबाट कहिले नहराउने सिद्धान्तको आधारमा त संघीयता लागू गरेको त होइन हो नि । त्यसैगरी लुम्बिनीलाई संसारमा चिनाउनकै लागि संघीयता आएको त होइन नि । यदि होइन भने प्रदेशको नाम लुम्बिनीले संघीयताको सिद्धान्त अनुसार मेल खायो त । त्यसैगरी कर्णाली नदीको नाम लोप हुनबाट बचाउनको लागि संघीयता आएको त होइन नि । यदि होइन भने प्रदेशको नाम कर्णाली किन ?

यी नामहरुबाट त पहिला अञ्चलको नाम त छँदै थियो अनि किन संघीयता लागू गर्नु पर्यो त । संघीयतामा पहिचानको संरक्षणभन्दा पनि पुरानै मोडेलको नक्कल गरेको देखिन्छ । यसरी संघीयताको बाढीमा पहिचान समेत डुब्दै गरेको देखिन्छ । जब कि पहिचान पनि मधेशबादको प्रमुख विषय मध्येको एउटा प्रमुख विषय हो । यसरी पहिचान डुब्दा मधेशवाद पनि डुब्दै गरेको देखिन्छ ।

संघीयताको बाढीले मधेशको २० ओटा जिल्लालाई नै तहसनहस पार्‍यो । पहिला त यो बाढीले २० जिल्लालाई ६ टुक्रामा तोडियो अनि त्यसपछि यो बाढीको प्रभाव सबै ठाउँमा सामान हुनका लागि ५ ओटा सिमाना लगाइयो । यो सिमानाले एक अर्का प्रदेशलाई छुटाइएको छ । यसरी सिमाना लगाउँदा एक भूभागबाट अर्कोमा बगेर पनि जान नसक्ने भयो ।

अब संघीयता नामको बाढीलाई ६ ओटा प्रदेश सिमाना नाम गरेको बाँध (Dam) बनाएर रोकियो । जसले गर्दा प्रदेशहरुमा संघीयताको बाढी आयो । यसरी काठमाडौंको सिंहदरबारबाट आएको संघीयताको बाढीले प्रदेशको प्रमुख, मुख्यमन्त्री, मन्त्री, सांसद, नगर प्रमुख, वडा अध्यक्ष जस्ता राजनीतिको खुर्सीहरु बगाएर ल्याए । यसरी ल्याएको खुर्सी हेरेर मधेशमा लागी मरि मेट्ने नेता/कार्यकर्ताहरु यी खुर्सीका लागि विलीन भए । जसरी पनि खुर्सी चाहिन्छ भन्ने मनोरोगको शिकार भए ।

यी खुर्सीको नशामा यिनीहरुलाई दुई प्रदेशको सिमाना भित्र बाँध बनाएर राखेको थाहा भएन । एउटा प्रदेशमा आफ्नो पहिचान लिएर नै यी खुर्सी समात्न सफल भएर भने कुनै प्रदेशमा यिनीहरू खुर्सी पाउनका लागि आफ्नो पहिचान र परम्परालाई बिर्सेको देखिन्छ । अखिर यो स्वाभाविक नै हो । राजनीति त शक्तिकै लागि गरिन्छ, यसमा कुनै द्विविधा होइन । राजनीति त सत्तामा जानकै लागि गरिन्छ । जुनसुकै पार्टी होस सबैको एउटै चाहना हुन्छ कि उसके दुई तिहाईसहितको बहुमतको सरकार बनोस् ।

तर मूलधारको राजनीतिक मुद्दालाई बिर्सेर क्षणिक भरको खुर्सीका लागि आफ्नोपन बिर्सनु त भएन नि । यसरी क्षणिक भरको खुर्सीको लोभमा परि आफू दुई बाँधको बिचमा बन्धक भई विस्तारै विस्तारै डुब्दै गरेको थाहा पनि पाइन्न । यहाँ मात्र डुब्ने कुरा होइन, यहाँ त आफ्ना दाजुभाईसँग पनि सम्बन्ध विच्छेद गराइएको थाहा पाइन्न । खुर्सीको नशामा यती डुबे कि जनकपुर र भैरहवाको दाजुभाइ प्रदेशी भएको पनि थाहा भएन । यसरी अवसरवादीले संघीयताको बाढीमा भरपुर व्यक्तिगत फाइदा लिनु बाहेक कुनै काम गरेको देखिन्न ।

संघीयताको बाढीमा यति मधेशको मुद्दा बोक्नेहरु यतिसम्म डुबेको देखे कि जसले मधेश/मधेशी माथि विभेद गर्‍यो उसैको रथको पाङ्ग्रा बनेर उसलाई रथको राजगद्दीमा बसाएर पुरै मधेशको भ्रमण गराउन लाग्नु भो । सदियौंदेखि राज्यसताको अपनत्व महसुस गर्न नपाएको मधेशी जनता कहिले आतिएको देखिन्न । तर २/३ बर्ष सत्तामा बस्न नपाएपछि हाम्रा नेतृत्व वर्ग आतिएको देखिन्छ ।

संघियताको बाढीमा मधेश/मधेशीको समस्याको उत्थान र समाधानको जिम्मा मधेशवादी दलको मात्र हो भन्ने पनि धेरै भेटिन्छ । यिनीहरु खुर्सीको लागि यतिसम्म तल झरेको देखिन्छ कि यिनीहरुलाई आफ्नो अस्तित्व पनि छ कि छैन भने कुरा पनि थाहा छैन । चाकरी गर्दा गर्दै यिनीहरुको कम्मर भन्दा तलको भाग खिइएर गएको पनि थाहा छैन । कम्मरभन्दा तलको भाग छैन तर पनि अवसर र खुर्सीमा बस्नका लागि चाकरी गर्दैछन् । यहाँ चाकरी गर्दागर्दै खुर्सीमा बस्न सक्ने अस्तित्व पनि मेटाएको थाहा भएन । तर पनि खुर्सीका लागि अझैसम्म चाकरीवाद गर्न छाड्न सकेका छैनन् ।

यिनीहरू जनता भन्दा पनि आफ्ना सन्ततिका लागि मधेशी भएर पनि गैर मधेशी जस्तो व्यवहार गर्दै गरेको देखिन्छ । यिनीहरू अवसरवादी हुन् । कतिपय व्यक्तिहरुको प्रमुख काम भनेको आफ्नै समुदायलाई गाली गरि मौकाको फाइदा उठाउने गर्दछ । जसले आफ्नो पहिचानका लागि बोलेन त्यो पछि गएर कसैलाई पहचान्दैन ( चिन्दैन) । यिनीहरू संघीयताको बाढी आउनु भन्दा पहिलादेखि नै व्यक्तिगत स्वार्थमा डुबिसकेका व्यक्ति हुन् ।

संघीयता आएपछि मधेशवादको विस्तार होला भनेर सबै सर्वसाधारणलाई आशा दिलाएको थियो । तर संघीयता आएपछि मधेशवाद अवसरवाद, जातिवाद र नातावादमा परिणत भयो । मधेशवाद भनेको जो जुनसुकै परिस्थितिमा भए पनि मधेश/मधेशीसहित अन्यायमा परेका समाज/समुदायको हकहितका लागि लड्ने विचारधारा हो । तर संघीयता लागू हुँदा मधेशवादको साटो जे जसरी भए पनि आफ्नो व्यक्तिगत फाईदा, नातागोताको फाइदाका लागि हदैसम्मको लडाई लडेको देखिन्छ । जे जसरी भए पनि आफ्नै मान्छे सबै ठाउँमा राख्नु पर्ने जस्तो मनोविज्ञानले मधेशवाद डुब्दै गरेको देखिन्छ ।

खुर्सी र भ्रष्टाचारमा सबै यतिसम्म डुबेको छ कि यिनीहरूलाई मधेशवादको बारे बोल्ने त कुरै छोडौं सोच्नेसम्मको फुर्सद छैन । अनि जो खुर्सीमा बस्न पाएको छैन, त्यसले अरुलाई हटाएर, आफू कसरी खुर्सीमा बस्ने भन्ने बाहेकको अरु सोचाई आएको छैन । यसरी संघीयताको बाढीमा सत्तामा रहेको र नरहेको दुबै पक्षका नेतृत्वकर्ताहरु अहिलेसम्म डुबेको देखिन्छ ।

संघीयता आएपछि मधेशवादको विस्तार होला भनेर सबै सर्वसाधारणलाई आशा दिलाएको थियो । तर संघीयता आएपछि मधेशवाद अवसरवाद, जातिवाद र नातावादमा परिणत भयो । मधेशवाद भनेको जो जुनसुकै परिस्थितिमा भए पनि मधेश/मधेशीसहित अन्यायमा परेका समाज/समुदायको हकहितका लागि लड्ने विचारधारा हो । तर संघीयता लागू हुँदा मधेशवादको साटो जे जसरी भए पनि आफ्नो व्यक्तिगत फाईदा, नातागोताको फाइदाका लागि हदैसम्मको लडाई लडेको देखिन्छ ।

# डुबेर तीन बालबालिकासहित एकै दिन चारको मृत्यु

काठमाडौं । अविरल वर्षाका कारण विभिन्न जिल्लाहरुमा आएको बाढीमा डुबेर तीन बालबालिकासहित चार जनाको मृत्यु भएको छ ।

उदयपुरको चौदण्डीगढी नगरपालिका-७ बेल्टारस्थित मदन चोक बस्ने ६५ वर्षीय गुमशेर राईको खोलामा डुबेर शनिबार दिउँसो मृत्यु भएको छ ।

सोही ठाउँस्थित द्ववार खोला तर्ने क्रममा डुबी बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले स्थानियको सहयोगमा खोजी गर्ने क्रममा घटनास्थलदेखि करिब २ सय मिटर तल शव फेला परेको हो ।

यसैगरी, दाङको लमही नगरपालिका-८ भौका बस्ने छोटु लाल चौधरीको १० वर्षीय छोरा अमित चौधरीको खोलामा डुबेर शनिबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित भौका खोलामा नुहाउने क्रममा डुबेर अशक्त भएका उनको लमही अस्पताल दाङमा उपचारको क्रममा मृत्यु भएको हो ।

त्यस्तै, कैलाली धनगढी उपमहागरपालिका-१९ फुलवारी साझघारी टोल बस्ने भिम बहादुर परियारको १५ वर्षीय छोरा सागर परियारको नदीमा डुबेर शनिबार दिउँसो मृत्यु भएको छ ।

सोही उपमहानगरपालिका-१८ एफ गाउँस्थित मामाघरमा बस्दै आएका उनको सोही ठाउँस्थित मोहना नदीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको हो ।

यस्तै, सर्लाहीको बागमती नगरपालिका-१० बस्ने ओजिर शेखकी ८ वर्षीया छोरी सहाना खातुनको पानीमा डुबेर शनिबार साँझ मृत्यु भएको छ । साथीहरुसँग खेल्न गएकोमा अबेरसम्म घर नआएपश्चात खोजी गर्ने क्रममा सोही ठाउँस्थित खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको अवस्थामा उनको शव फेला परेको हो ।

## बिजुलीको पोलबाट लडेर मृत्यु

बारा । जितपुरसिमरा उपमहानगरपालिका-२१ स्थित विजुलीको पोलमाथि रहेको ट्रान्सफर्मर बनाउने क्रममा लडेर सोही ठाउँ बस्ने ३६ वर्षीय शुभ नेपालको मृत्यु भएको छ ।

शनिबार साँझ उक्त पोलबाट ट्रान्सफर्मर सहित लडेर गम्भीर घाइते भएका उनको सिमरास्थित अल्पईन अस्पतालमामा उपचारको क्रममा मृत्यु भएको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरेहको छ ।

## मधेश अपडेट

### देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परामदेश जारी हुन्छ : प्रचण्ड

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संसद पुनः स्थापना हुने विश्वास व्यक्त गरेका छन् । जनकपुरमा आइपुगेका उनले संविधानको मर्म र भावना अनुसार संसद पुनःस्थापना हुने र कांग्रेस सभापनि शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न सर्वोच्च अदालतबाट परमादेश जारी हुने विश्वास गरेका हुन् । प्रधानमन्त्री केपी शर्मा ओली थप निरंकुशता तर्फ अग्रसर भएको आरोपसमेत लगाए । ओलीले सर्वोच्च अदालतलाई दबाब दिएर थप निरंकुशता तर्फ अग्रसर भएको उनको भनाइ छ । ओली जनताको नजरमा एक निरंकुश र लोकतन्त्र विरोधी तत्वको रुपमा उजागर भइसकेको भन्दै ओलीको निरंकुश कदमविरुद्ध जनताले जवाफ दिनु पर्ने बताए । निधन भएका पार्टीका केन्द्रीय सदस्य महादेव यादवलाई अन्तिम श्रद्धाञ्जलि दिन मंगलबार जनकपुरधाम आएका प्रचण्डले सर्वोच्चले संसद पुनःस्थापना मात्र नभई १४६ संसदको हस्ताक्षरको आधारमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश समेत जारी गर्ने विश्वास व्यक्त गरेका हुन् ।

### अभिनेता मिश्र र गायक मण्डल सम्मानित

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार २०७७ बाट यस क्षेत्रका दुई जना स्रष्टालाई सम्मान गरेका छन् । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आइतबार जनकपुरमा आयोजना गरेको समर्पण समारोहमा प्रमुख अतिथिको आसनबाट मुख्यमन्त्री राउतले वरिष्ठ अभिनेता सुनिल कुमार मिश्र र वरिष्ठ गायक वंशीधर मण्डललाई सम्मान गरेका हुन् । एक लाख नगद तथा प्रमाण पत्र रहेको प्रज्ञा पुरस्कारबाट देशभरि पुरस्कृत भएका ६ जना श्रष्ठा मध्ये मण्डल र मिश्र प्रदेश २ का बासिन्दा हुन् । उक्त अवसरमा मैथिली रंगमंचका प्रथम महिला कलाकार विद्या राणा चौधरीलाई समेत ११ हजार नगदसहित सम्मान गरिएको थियो । उक्त समारोहमा मुख्यमन्त्री राउतले समाजका ऐनाका रुपमा रहेका स्रष्टाहरुलाई सम्मान गर्न प्रदेश सरकारले चाँडै प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना गर्न लागेको जानकारी समेत गराएका छन् । प्राज्ञपरिषद सदस्य धिरेन्द्र प्रेमर्शिको अध्यक्षतामा भएको उक्त कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री राम सरोज यादव नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा लगायतको उपस्थिति रहेको थियो ।

### किशोरीलाई ‘हाइजीन किट’ वितरण

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका वडा नम्बर २७ उदयपुरघुर्मी टोलका किशोरीहरुलाई हाइजीन किट वितरण गरिएको छ । सामाजिक संस्था युवालयले उदयपुरघुर्मी टोल पुगेर किशोरीहरुलाई युवालयको टोलीले ३० जना किशोरीहरुलाई हाइजीन किट वितरण गरेको हो । किटमा प्याड ४ पिस, कपडा धुने र नुहाउने २/२ पिस साबुन, नेल कटर १ पिस, सेनिटाइजर १ पिस, पियुष १ पिस, मञ्जन १ पिस, १ पिस रुमाल लगायतका सामाग्री रहेका छन् । किशोरीहरुलाई हाइजीन किट वितरण गर्दै युवालयकी लेखा तथा प्रशासन प्रमुख नितु ढंगोलले महिनावारीको समयमा व्यक्तिगत सरसफाईमा ध्यान दिन आग्रह गरिन् । डिकेए अष्ट्रियाको सहयोगमा हाइजीन किट वितरण गरिएको युवालयका बोर्ड सदस्य जया साहले जानकारी दिए ।

### १ सय ९ परिवारलाई लालपुर्जा वितरण

सर्लाही । सर्लाही जिल्लाको हरिवनमा १०९ परिवारलाई गाउँ ब्लक जग्गाको लालपूर्जा वितरण गरिएको छ । वर्षौंदेखि गाउँ ब्लकमा पर्ने जग्गामा बसोवास एवं भोगचलन गर्दै आएका परिवारलाई नापी कार्यालय, मलंगवाले लालपुर्जा अर्थात् जग्गाधनी प्रमाण-पुर्जा वितरण गरेको हो । हरिवन नगरपालिकाको वडा नं. ५, ७ र १० मा आठ बिघा एक कठ्ठा तीन धुर जग्गा पर्ने १८९ कित्ता संख्यामध्ये २०७१ सालमा नापनक्सा गर्नेक्रममा दर्ता गरिएको १०९ कित्ताको लालपुर्जा वितरण गरिएको नापी कार्यालय, मलंगवाका नापी अधिकृत सविन विकेले जानकारी दिए । वर्षौंदेखि गाउँ ब्लक जग्गामा बसोवास गर्दै आएकाहरु लालपूर्जा पाएपछि खुसी भएका छन् । हरिवन नगरपालिकाका प्रमुख गणेश प्रसाद प्रसाईले निरन्तरको पहलपछि गाउँ ब्लक जग्गामा बस्नेहरुलाई लालपूर्जा उपलब्ध गराउन सफल भएको बताए । उनले नगरको अन्य बाँकी वडामा पनि गाउँ ब्लकमा बस्दै आएकाहरुलाई जग्गाको लालपुर्जा वितरण गर्ने प्रयास भइरहेको जानकारी दिए ।

### डुवानमा परेकाहरूको सशस्त्र प्रहरीद्वारा उद्धार

विराटनगर । मोरङ्ग जिल्लाको रतुवामाई नगरपालिका ७ राजाबासास्थित रतुवामाई खोलामा वर्षाको कारण पानीको बहाव बढ्न गई बाँध फुटेर डुवान परेका सिजुवा गाउँका करीव २० घरपरिवालाई सशस्त्र प्रहरीले असार २४ गते सुरक्षित स्थानमा सारेको छ । उक्त गाउँका घरपरिवार डुवान परेको भन्ने खबर पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश सौठाबाट सशस्त्र प्रहरी निरीक्षक सिताराम पौडेलको कमाण्डमा उद्धार कार्यको लागि सशस्त्र प्रहरी त्यस ठाउँमा खटिएको हो । यसैगरी झापा जिल्लाको झापा गाउँपालिका १ मिलन बस्तीमा बर्षाको कारण माईखोलामा आएको बाढीको कारण डुवान परेका करीव ८५ घरपरिवारलाई असार २४ गते सशस्त्र प्रहरीले सुरक्षित स्थानमा सारेको छ । सो बारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल फरवार्ड सुरक्षा वेश सालमाराबाट सशस्त्र प्रहरी नायव निरीक्षक पुण्यप्रसाद विमलीको कमाण्डमा खटिएको सशस्त्र प्रहरीले उक्त घरपरिवारमा बसोवास गर्ने व्यक्तिहरुलाई सोही ठाउँ नजिकै रहेको सितुमाडी प्राथमिक विद्यालयको भवनमा सुरक्षित स्थानान्तरण गरेको हो ।

### विभिन्न धनमाल लुटपाट

बाँके । बैजनाथ गाउँपालिका-६ लालपुर बस्ने जिवन नेपालीको घरबाट नगद ४ लाख ५० हजार रुपैयाँ, काँचो सुन लगायत सुनका विभिन्न गरगहना गरी अन्दाजी १ केजी बराबरको सुन र १ थान मोबाइल गएराति लुटपाट भएको छ । अपरिचित ५/६ जना व्यक्तिहरु आई घरमा रहेका परिवारका सदस्यहरुलाई धम्काई डोरीले हात बाँधी घरमा रहेको उक्त धनमाल लुटपाट गरी फरार भएको बताइएको छ । जिल्ला प्रहरी कार्यालय बाँके र ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले लुटपाटमा संलग्न व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा थप आवश्यक अनुसन्धान गरिरहेको छ ।

### लागूऔषधसहित तीन जना पक्राउ

रौतहट । सशस्त्र प्रहरीले रौतहट जिल्लाको गौर नगरपालिका २ महादेवपट्टी स्थित सीमलघारीबाट विभिन्न किसिमका लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही जिल्लाको यमुनामाई गाउँपालिका ५ बस्ने ३० बर्षिय शंकर साह र सोही ठाउँ बस्ने २४ बर्षिय सेख मोहम्मद रहेका छन् । सशस्त्र प्रहरी बल नेपाल विओपी गौरबाट सशस्त्र प्रहरी बरिष्ठ हवल्दार पदम सिंहको कमाण्डमा खटिएको टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई चेकजाँच गर्ने क्रममा उनीहरुको साथमा नाईट्राभेट ट्याब्लेट १५ पिस, डाईजापाम ट्याब्लेट ५ पिस, प्रोमेथाजिन ट्याब्लेट ५ पिस, नोथिन ट्याब्लेट ५ पिस र गाँजा १० ग्राम फेला पारेको हो । पक्राउ परेकाहरुलाई आवश्यक कारबाहीको लागी अस्थाई प्रहरी चौकी महादेवपट्टीमा बुझाईएको छ ।

### स्रोत नखुलेको नगदसहित २ जना पक्राउ

रुपन्देही । सिद्धार्थनगर नगरपालिका-१ बाईपासबाट स्रोत नखुलेको नगद ३१ लाख ९० हजार रुपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार दिउँसो पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने २१ वर्षीय बिनय कलवार र भारत उत्तर प्रदेश नौतुना बस्ने ३५ वर्षीय सुरज गैडा रहेका छन् । लु.२१ प २२१२ नम्बरको स्कुटरलाई ईलाका प्रहरी कार्यालय बेलहियाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा कलवारले बोकेको झोलामा उक्त नगद फेला पारी स्कुटर चालक कलवार र स्कुटरमा सवार गैडालाई पक्राउ गरेको हो । बरामद रकम र स्कुटर सहित दुवै जनालाई आवश्यक कारबाहीको लागि बुटवल उपमहानगरपालिका-८ स्थित राजश्व अनुसन्धान कार्यालयमा बुझाइएको छ ।

# प्रदेश २ मा ८ सय ४९ सीमा स्तम्भ हराए



वीरगञ्ज । प्रदेश २ को भारतसँग जोडिएको सीमा क्षेत्रमा रहेका ८४९ वटा सीमा स्तम्भ हराएका छन् । प्रदेश २ को आठ जिल्लाअन्तर्गत भारतीय सीमासँग जोडिएको पूर्वको सप्तरी गोबरगाढादेखि पश्चिमको पर्सा जिल्लाको ठोरीसम्म ४६४ किलोमिटर क्षेत्रमा रहेका चार हजार २७ सीमा स्तम्भमध्ये ८४९ वटा हराएका हुन् ।

सशस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनी प्रदेश नं २ बर्दिबासका अनुसार प्रदेश २ को नेपाल-भारतबीच सीमा समस्या ज्युँका त्युँ रहेको छ । बाहिनीका अनुसार प्रदेश २ को आठ जिल्लामा रहेका चार हजार २७ सीमा स्तम्भमध्ये साबुतका दुई हजार ६४ सीमा स्तम्भ रहेको, ७०४ वटा मर्मत गर्नुपर्ने, ३१९ वटा पूर्ण रूपमा निर्माण गर्नुपर्ने, ९१ वटा सीमा स्तम्भ खोलाले बगाएको र ८४९ सीमा स्तम्भ हराएकाले दशगजामा समस्या देखिएको छ ।

भारतीय पक्षले नेपाल-भारतको दशगजा क्षेत्रमा घर, टहरा बनाएर बसोबास गर्ने र गाई गोरु बाँध्ने गरेकाले नेपाल-भारत सीमा क्षेत्र छुट्याउन समस्या भएको भन्दै सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले भने, 'हराएका सीमा स्तम्भका कारण दशगजा क्षेत्रमा देखिएको समस्या समाधान गर्ने भनेर भारतीय समकक्षीसँग बेलाबेलामा कुराकानी भइरहेको छ ।'

प्रदेश २ को आठ जिल्लामध्ये कतिपय जिल्लामा सीमावर्ती दशगजा क्षेत्र मिचेर भारतीय नागरिकहरूले खेतीपाती गरेका, घर टहरा बनाएर गाई गोठ बनाएका र बसोबास गरिरहेका समेत सार्वजनिक भएको छ । सिराहाको इनर्वा टोलमा भारतीय नागरिक दशगजा अतिक्रमण गरी कटेरा निर्माण गरेर बसिरहेका छन् । माडरस्थित लचका टोलको दशगजाभित्र भारतीय नागरिकले जग्गा अतिक्रमण गरी खेतीपाती गर्ने गरेको, लग्दी गोठ टोलमा पुरै दशगजा क्षेत्र अतिक्रमण गरेको, लग्दी गदीयानीदेखि सन्हैठा गाउँसम्म दशगजा क्षेत्र नै अतिक्रमण गरी खेतीपाती गर्ने गरेको, इनर्वास्थित अभय नगरदेखि ठाडीसम्म भारतीय पक्षले दशगजा क्षेत्रमा घर टहरा बनाएर बस्ती बसालेको र ठाडीमा भारतीय भन्सार कार्यालय अफिस राखेको छ ।

सिरहाकै लग्दीगोठमा सीमा स्तम्भ नभएपछि दशगजा क्षेत्र मिचेर करिब ५० भारतीय घरपरिवार बस्दै आएका छन् । बरियारपट्टी लदनियाँमा रहेको २५३ नम्बरको सीमा स्तम्भ सात मिटर नेपालतर्फ भारतीय पक्षले सारेर नेपाली भूमि अतिक्रमण गरेको छ । सीमापारि रहेका भारतीय सीमा सुरक्षा बल (एसएसबी) का जवानहरुले यसप्रति उदासीनता देखाएको र उनीहरूले नै नेपाली भूमि अतिक्रमण गरेको बरियापट्टिका स्थानीयवासीको आरोप छ ।

यसैगरी धनुषाको पश्चिमी सीमामा रहेको महिनाथपुरमा समेत भारतीय पक्षले दशगजामै माटो खसालेर अतिक्रमण गरेको छ । यसरी प्रदेश २ को आठ जिल्लाअन्तर्गत पूर्वमा सप्तरीको गोबरगाढादेखि पश्चिमको पर्सा जिल्लाको ठोरी गाउँसम्म ४६४ किलोमिटर सीमा क्षेत्रलाई छुट्याइएको सीमा स्तम्भमध्ये ८४९ सीमा स्तम्भ हराएपछि सीमा सुरक्षालाई लिएर कतिपय सवाल उठिरहेको स्थानीयवासी बताउँछन् । सिरहा र धनुषामा मात्र होइन यो समस्या प्रदेश २ को आठ जिल्लामै रहेको देखिन्छ ।

स्थानीय प्रशासन, जनप्रतिनिधि तथा सम्बन्धित निकायको टाउको दुखाइ बनेको नेपाल भारतबीच देखिएको सीमा समस्यालाई दीर्घकालीन समाधानतर्फ दुवै देशका सरकार गम्भीर हुनुपर्ने जानकारहरूको भनाइ छ । 'जिपिएस सिस्टम'बाट कहाँ कहाँ सीमा स्तम्भ छन् भन्नेबारे वैज्ञानिक सीमाङ्कन हुनुपर्ने सीमा क्षेत्रका बासिन्दाको माग छ ।

# प्रदेश २ को मन्त्रिपरिषद् विरुद्धको रिटमा अन्तरिम आदेश दिन अस्वीकार




जनकपुरधाम । प्रदेश २ सरकारको मन्त्रिपरिषद समावेशी नभएको भन्दै दायर रिटमा उच्च अदालत जनकपुरले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

रिटमाथि अन्तिम सुनुवाइ गर्दै उच्च अदालत जनकपुरका निमित्त मुख्य न्यायाधीश विनोद शर्मा र हरिप्रसाद काफ्लेको संयुक्त इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

मुख्यमन्त्री मो.लालबाबु राउतले नेपाली कांग्रेस संसदीय दलका नेता रामसरोज यादव, वीरेन्द्रप्रसाद सिंह र ओमप्रकाश शर्मालाई सहभागी गराएर जेठ २३ गते मन्त्रिपरिषद विस्तार गरेका थिए ।

राउतले कांग्रेसका प्रदेश सांसदहरूलाई सहभागी गराएर पुनर्गठन गरेको मन्त्रिपरिषद समावेशी सिद्धान्तविपरीत रहेको भन्दै तीन मन्त्रीसहित प्रदेश प्रमुख र मुख्यमन्त्रीलाई विपक्षी बनाइ अधिवक्ता राजकुमार महासेठले रिट दायर गरेका थिए ।

'निवेदकले समग्र मन्त्रिपरिषदलाई चुनौती नदिइ केवल तीनजना मन्त्री अर्थात व्यक्ति विशेषको नियुक्तिलाई मात्र लक्षित गरी निजहरूको नियुक्ति गैरसंवैधानिक भनी दाबी लिएको, समावेशी सिद्धान्त पालना नभइ आफूलाई प्राप्त मौलिक हक तथा कानुनी हकमा असर परेको भनी सरोकारबला सांसदले मन्त्रिपरिषदलाई चुनौती दिइ दाबी गर्न आउन नसक्नाको पर्याप्त र उचित कारण निवेदनमा उल्लेख नभएको, निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी नगर्दा निवेदकको के कुन समावेशी अधिकारको असर पर्न जाने वा निजलाई कस्तो अपूरणीय क्षति हुनजाने भन्ने कुरासमेत निवेदनबाट खुल्न नआएको, सांसद संख्याको अनुपातमा मन्त्रिपरिषद विस्तार गरी समावेशी गर्न नसकिने गरी संवैधानिक सीमाको हद पूरा भएको अवस्था नदेखिएको, विवाद उठाइएको विषयमा सुविधा र सन्तुलन निवेदकको पक्षमा नरहेको समेतको अवस्था विद्यमान भएको र निवेदकले उठाएको संवैधानिक तथा कानुनी प्रश्नको गम्भीरता र संवेदनशीलताको हकमा प्रस्तुत मुद्दामा विपक्षीहरूको तर्फबाट लिखित जवाफ परेपछि पूर्ण सुनुवाइ हुँदाका बखत यथोचित संबोधन भइ विवेचना हुने नै हुँदा हाल निवेदनको मागबमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन,' आदेशमा भनिएको छ ।

# प्रदेश २ पूर्वराज्यमन्त्रीले भने, 'संघीयताबारे समीक्षा तथा बहस हुनु जरूरी छ'

काठमाडौं । प्रदेश २ का पूर्वराज्यमन्त्री तथा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य सुरेश मण्डलले संघीयताबारे समीक्षा तथा बहस हुनुपर्ने बताएका छन् ।

पूर्वराज्यमन्त्री मण्डलले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'संघीयताबारे समीक्षा तथा बहस हुनु जरुरी छ ।' उनले त्यो बहस यसको पुनः पुनर्संरचना र अधिकार थपबारे हुनुपर्ने तर्क गरेका छन् ।

उनले भनेका छन्, 'संघीयतालाई थप सफल, सार्थक र अधिकार सम्पन्न तथा परिणाममुखी कसरी बनाउनेबारे हुनुपर्ने स्पष्ट पारेका हुन् । उनी भन्छन्, 'स्थानीय तहलाई प्रदेश मातहत राखी प्रदेश सरकारलाई थप शक्तिशाली कसरी बनाउने भन्ने विषयमा छलफल र बहस केन्द्रित हुनुपर्दछ । अन्यथा कसैले केही सोच्छ भने त्यो उसको सपना मात्र हो ।'


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### प्रदेश २ सरकारलाई स्वास्थ्य सामग्री सहयोग

जनकपुर । सेभ द चिल्ड्रेनद्वारा प्रदेश २ सरकारलाई कोभिड-१९को सङ्क्रमण न्यूनीकरण तथा उपचार गर्न सघाउने उद्देश्यले ७३ लाख ५८ हजार बराबरको अत्यावश्यक स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गरिएको छ । ती सामग्रीहरू प्रदेश २ का मुख्य मन्त्री लालबाबु राउत मार्फत प्रदेश २ स्थित प्रादेशिक आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरलाई हस्तान्तरण गरिएको छ । हस्तान्तरण गरिएका सामग्रीहरूमा आइ भि स्ट्यान्ड सहितका आइसियु बेड, भाइरल ट्रान्स्पोर्ट मिडियम, सीप्याप, बिप्याप, अक्सिजन कन्सनट्रेटर लगायत कोभिड -१९ उपचारका लागी अन्य विभिन्न अत्यावश्यक स्वास्थ्य सामग्रीहरू रहेका छन् ।

### लुम्बिनी प्रदेशकी राज्यमन्त्रीद्वारा राजीनामा

बुटवल । जनता समाजवादी पार्टी नेपालका लुम्बिनी सरकारका भौतिक पूर्वाधार राज्यमन्त्री सुमन शर्मा रायमाझीले सरकारबाट राजीनामा गरेकी छन् । जसपाको निर्णय विपरित राज्यमन्त्री बनेकी शर्माले पार्टीको समर्थन र सहयोग विना सरकारमा रही निरन्तरता दिन नसक्ने भएको जनाउँदै राजीनामा दिएकी हुन् । जसपा अध्यक्ष उपेन्द्र यादवले प्रलोभनमा परि पार्टी निर्णय विपरित गएकाहरु चाँडै घर फर्किने घोषणा गरे लगतै सुमनको राजीनामा आएको हो ।

### बागमती नदीको बाँध मर्मत

रौतहट । रौतहटको राजदेवी नगरपालिका ९ स्थित बागमती नदीको बाँधको स्पर बाढीले कटान गर्न थालेपछि मर्मत थालिएको छ । जिल्ला प्रशासन कार्यालयको निर्देशनमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना मर्मत कार्यमा जुटेका छन् । रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव सहितको सुरक्षा प्रमुखहरूको टोली मर्मत स्थलमा अहोरात्र खटिएका छन् । सो स्परमा ठूलो क्षति पुगेमा राजदेवी नगरपालिका तथा सदरमुकाम गौर नगरपालिकाका विभिन्न टोलहरू डुबानको खतरामा पर्ने छन् ।

### अटोमेटिक पेस्तोलसहित एक जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१९ फुटाहबाट १ थान अटोमेटिक पेस्तोल सहित सोही उपमहानगरपालिका-२१ पुरैना बस्ने सोही उपमहानगरपालिका-१२ घर भएका ३१ वर्षीय अजिज अहमद शेषलाई प्रहरीले पक्राउ गरेको छ । बुधबार दिउँसो हातहतियार सहित शंकास्पद मानिस हिँडिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले पुरैनाबाट राँझातर्फ साईकलमा जाँदै गरेको अवस्थामा उनलाई पेस्तोल सहित फेला पारी पक्राउ गरेको हो । उनी उपर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### भन्सार छलिका विभिन्न सामान बरामद

पर्सा । वीरगञ्ज महानगरपालिका-१९ वीरगंजबाट अवैध रुपमा भन्सार छलि भारततर्फ लैजाने लागेको ना.१ त. ७०४५ नम्बरको ट्याक्टरबाट ४ हजार केजी स्याउ र ना.४ त ८५६२ नम्बरको ट्र्याक्टरबाट ६ हजार केजी केराउ बुधबार राति प्रहरीले बरामद गरेको छ । प्रदेश नम्बर २ प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीलाई देख्नासाथ चालक उक्त ट्याक्टरहरु छोडी फरार भएश्चात उक्त स्याउ तथा केराउ बरामद गरेको हो । उक्त ट्याक्टरहरु सहित बरामद स्याउ र केराउ आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालयमा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । यसैगरी वीरगंज महानगरपालिका-८ घण्टाघरबाट भन्सार छलिका विभिन्न खुद्रा सामानहरु मंगलबार राति प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीलाई देख्नासाथ वीरगंजबाट नारायणघाटतर्फ जाँदै गरेको ना.२ ख ८६१७ नम्बरको ट्रक छोडी चालक फरार भएपश्चात ट्रक जाँच गर्ने क्रममा उक्त खुद्रा सामना फेला पारी बरामद गरेको हो । ट्रक सहित बरामद सामान आवश्यक अनुसन्धान तथा कारबाहीको लागि बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### प्रदेश २ नीति तथा योजना आयोगमा महतो र सिंह

जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेश नीति तथा योजना आयोगमा एक महिला र एक पुरुष गरी दुई सदस्य नियुक्त गरेको छ । सिरहा जिल्लाको मिर्चैया नगरपालिका २ का डा. बैद्यनाथ महतो र मिथिला नगरपालिका ६ धनुषाका प्रमिला कुमारी सिंह प्रदेश नीति तथा योजना आयोगको सदस्यमा नियुक्त भएका हुन् । नव नियुक्त दुबै सदस्यहरुलाई मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले शुक्रबार नियुक्ति पत्र हस्तान्तरण गरेका छन् ।

### ब्राउनसुगर र नगदसहित दुई जना पक्राउ

कैलाली । घोडाघोढी नगरपालिका-१ घोडाघोडीबाट ९ ग्राम ३ सय ६० मिलिग्राम अबैध लागूऔषध ब्राउन सुगर र नगद १ लाख २७ हजार ५ सय रूपैयाँ सहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २३ वर्षीय बिशाल थापा र १९ वर्षीय श्याम मगर रहेका छन् । ईलाका प्रहरी कार्यालय सुखडबाट खटिएको प्रहरीले उनीहरुको साथबाट उक्त पदार्थ र नगद सहित फेला पारी पक्राउ गरेको हो ।

### छोरीलाई जबरजस्ती करणी गर्ने बाबु पक्राउ

बाँके । आफ्नै १७ वर्षीया छोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा खजुरा गाउँपालिका-२ केगाँउ बस्ने ४२ वर्षीय पुरुषलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । उनले आफ्नै छोरीलाई विगत ९ वर्षको उमेरदेखि नै पटकपटक जबरजस्ती करणी गर्दै आएको र गत बुधबार बिहान समेत जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी राधापुर बाँकेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर बारामा एकको मृत्यु

बारा । सुवर्ण गाउँपालिका-७ सन्फुलवा बस्ने ३० वर्षीय मुन्ना प्रसाद यादवको करेन्ट लागेर शनिबार साँझ मृत्यु भएको छ । आफ्नै घरको कलमा हात मुख धुने क्रममा कलमा जोडेको मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल कलैयातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### आगलागीबाट साढे १३ लाखभन्दा बढीको क्षति

रुपन्देही । सिद्धार्थनगर नगरपालिका-४ बस्ने पंकज अग्रवालको रिमोन एग्रो प्रालिको मेशिनमा विद्युत सर्ट भई शनिबार राति आगलागी भएको छ । सो आगलागीबाट १ थान ड्राइमेसिन, १० क्विन्टल सोयाबिन बीओसी र २ क्विन्टल सोयाविन समेत जलेर करिब १३ लाख ६३ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

रुपन्देही । आफ्नै श्रीमती ३२ वर्षीया सरस्वती पौडेलको कुटपिट गरी हत्या गरेको अभियोगमा पाल्पा, रैनादेवी गाउँपालिका-४ घर भएका ३९ वर्षीय हिरा पौडेललाई प्रहरीले पक्राउ गरेको छ । बुटवल उपमहानगरपालिका-९ नयाँबसपार्कस्थित क्षेत्रमा २/३ महिनादेखि मागी खाई हिड्ने गरेको बताइएका हिराले आफ्नै श्रीमतीलाई कुटपिट गर्दा बेहोस भएको भन्ने जानकारी प्राप्त हुनासाथ प्रहरी बिट नयाँ बसपार्कबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।

### वर्षाको कारण घर भत्किँदा ३ जना घाइते

धनुषा । नगराईन नगरपालिका-६ लग्मा पछयरी टोल बस्ने सुबध मण्डलको खप्डाको घर अबिरल बर्षाको कारण भत्किँदा ४० वर्षीय जोगिन्द्र मण्डल, उनकै श्रीमती ३५ वर्षीया रेनु देवी मण्डल र उनकै छोरा १० वर्षीय अनिल कुमार मण्डल घाइते भएका छन् । आइतबार बिहान घाइतेलाई उपचारका लागि बिपी कोईराला अस्पताल धरान पठाइएको छ । साथै घर भत्किँदा अन्नपात, लत्ताकपडा लगायतका सामान पुरिएर करिब १ लाख ८० हजार रुपैयाँ बराबरको धनमाल क्षति भएको छ । घटनास्थलमा तत्काल खटिएको प्रहरीले आवश्यक उद्दार गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# प्रदेश प्रमुख डा.अहिराजद्वारा सीमाक्षेत्र अनुगमन

## हाम्रो देशको सीमा सुरक्षित रहोस् : प्रदेश प्रमुख डा.अहिराज






**जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले नेपालको सीमाक्षेत्र सुरक्षित रहनुपर्ने बताएका छन् । सीमाक्षेत्रको अवस्था बुझ्नुका साथै भ्रमण निरीक्षण गर्ने क्रममा उनले यस्तो प्रतिक्रिया दिएका हुन् । सिमानाको अवस्था, सिमा क्षेत्रमा बसोबास गर्दै आएका नागरिकका समस्या, स्तम्भहरुको अवस्था र सीमा सुरक्षाको स्थितिबारे स्थलगत निरीक्षण गरेका हुन् । सर्लाही जिल्लास्थित संग्रामपुर, त्रिभुवन नगर, भाडसर, फेन्हारा र मधुबनी लगायतका स्थानहरुमा पुगी सीमाक्षेत्रबारे जानकारी लिएका थिए ।**

**यसैगरी, प्रदेश प्रमुख डा.अहिराजले बाढीपहिरोबाट हुन सक्ने क्षति, सचेतनाको प्रयास, पूर्वतयारी, सीमाक्षेत्रका नागरिकहरुको समस्या बुझ्न स्थलगत निरीक्षणसमेत गरेका थिए । सर्लाहीको अधिकान्श सीमाक्षेत्रको अनुगमन र जनताको पीडा नजिकबाट बुझ्ने प्रयास गरेको उनले बताए ।**

**साथै, सशस्त्र प्रहरी बल नम्बर १० गण सर्लाहीमा वृक्षरोपण कार्यक्रम पनि गरेका थिए । सशस्त्र प्रहरी नायब महानिरीक्षक सिपि गौतम, नेपाल प्रहरीको नायब महानिरीक्षक उमेश रन्जितकार, पत्रकार महासंघ सर्लाहीका सभापति टन्क क्षेत्री लगायतकाहरुले वृक्षरोपण गरेका थिए ।**

# वीरगन्ज र जनकपुरका उद्योगीले दबाब दिने

वीरगन्ज । वीरगन्ज र जनकपुरका उद्योगी व्यवसायीले दुवै सहरका निजी क्षेत्रको समस्या सम्बोधनका लागि सरकारलाई दबाब दिन एक भएर अघि बढने सहमति गरेका छन् । वीरगन्ज आएको जनकपुर उद्योग वाणिज्य संघका पदाधिकारी र वीरगन्ज उद्योग वाणिज्य संघका पदाधिकारीबीच भएको अन्तरक्रियामा यस्तो सहमति बनेको हो ।




वीरगन्ज उद्योग वाणिज्य संघको सभाकक्षमा भएको अन्तरक्रियामा सहभागी जनकपुर र वीरगन्जका उद्योग व्यपारीले जनकपुर र वीरगन्जका निजी क्षेत्रले एउटै प्रकृतिका समस्या भोगिरहेकोले साझा समस्याको समाधानका लागि साझा प्रयत्न गर्ने सहमति गरेका हुन् ।

सरकारले उपेक्षा गरेकाले निजी क्षेत्रको समस्या सम्बोधन गराउन प्रदेश २ का दुवै शहरका नीजी क्षेत्र एक भएर अगाडि बढ्ने समझदारी बनेको वीरगन्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष हरि प्रसाद गौतमले बताए ।

कार्यक्रममा गौतमले पर्सा बारा औद्योगिक कोरिडोरको पृष्टभूमि र यहाँको निजी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याइरहेको योगदानका बारे जनकपुरका उद्योगी व्यवसायीलाइ जानकारी गराएका थिए ।

प्रदेश २ का मुख्य शहर जनकपुर र वीरगन्जका नीजी क्षेत्रले एउटै प्रकृतिका समस्याहरु भोगिरहेकोले साझा समस्याको समाधानका लागि साझा प्रयत्नको आवश्यकता रहेको उनले बताए । अन्तरक्रियामा सहभागी जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले गौतमको धारणा प्रति समर्थन जनाउदै वीरगन्ज र जनकपुरको नीजी क्षेत्र एक भएर सरकारका सामु प्रस्तुत हुने प्रतिबद्धता जनाए ।

अन्तरक्रियामा सहभागी नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठले क्षेत्रीय विकासको लागि उद्योग वाणिज्य संघबीच समन्वय र सहकार्यको आवश्यकता रहेको बताए ।

# सिरहा र महोत्तरीमा निषेधाज्ञा थप

लहान । सिरहामा निषेधाज्ञाको समय १६ दिन थप गरिएको छ । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले कोरोना सङ्क्रमणको जोखिम कायमै रहेको भन्दै निषेधाज्ञाको समय असार ३१ गते राति १२ बजेसम्म थप गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले असार १५ गते राति १२ बजेसम्म निषेधाज्ञा लगाइएकामा जोखिम अझ कम नभएकाले निषेधाज्ञालाई असार ३१ गतेसम्म लम्ब्याउने निर्णय गरेको जानकारी दिए ।

यद्यपि स्वास्थ्य सुरक्षाका मापदण्ड कायम गरी निषेधाज्ञाका बेला सैलुन र होटलबाहेकका पसल, व्यवसाय बिहान ९ देखि दिउँसो १ बजेसम्म खोल्न दिने निर्णय भएको प्रजिअ कँणेलले बताए । सिरहामा गत वैशाख २३ गतेदेखि निरन्तर निषेधाज्ञा जारी छ ।

यस्तै महोत्तरीमा कोभिड-१९ महाव्याधि सङ्क्रमण छल्न जारी निषेधाज्ञाको अवधि पुनः एक साता थप गरिएको छ । बुधबारदेखि लागु हुनेगरी सातौँ पटक जारी निषेधाज्ञाको अवधि असार २३ गते मध्यरातसम्मलाई थप गरिएको जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको हो ।

जिल्लास्थित कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको सिफारिसअनुसार थप एक साता निषेधाज्ञाको अवधि थप गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले जानकारी दिए ।

पछिल्लो पटक एक साता थपिएको निषेधाज्ञा खुकुलो बनाइएको छ । यस अवधिमा अत्यावश्यक वस्तुका पसल अब बिहानदेखि साँझ छ बजेसम्म सञ्चालन हुनेछन् । यसअघिको पछिल्लो आदेशमा दिउँसो तीन बजेसम्म यस्ता पसल सञ्चालनको अनुमति थियो । त्यसैगरी अब जिल्लाभरि मात्र सार्वजनिक यातायातका साधन स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन हुनसक्ने आदेशमा उल्लेख छ ।

# पर्सामा ८ हजार ६ सय जनालाई भेरोसेलको दोस्रो मात्रा लगाइने

वीरगञ्ज । पर्सामा कोभिड-१९ विरुद्धको भेरोसेल खोपको दोस्रो मात्रा बिहीबार र शुक्रबार लगाइने भएको छ । पहिलो मात्रा लगाएका ६० देखि ६५ वर्ष उमेर समूहका नागरिकलाई दोस्रो मात्रा लगाउन लागिएको हो ।

पर्सामा ८ हजार ६ सय ९३ जनालाई भेरोसेलको दोस्रो मात्रा खोप लगाइने स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत अनिल सिंहले जानकारी दिए । पर्सामा ६० देखि ६५ वर्ष उमेर समूहका १२ हजार ४ सय जना छन् । तर ८ हजार ६ सय ९३ जनाले मात्रै पहिलो मात्रा खोप लगाएकाले उनीहरुलाई दोस्रो मात्रा लगाउन लागिएको छ ।

स्वास्थ्य कार्यालयले खोप कार्ड लिएर आफ्नो वडाभित्रको वा नजिकैको स्वास्थ्य संस्थामा गएर खोप लगाउन आग्रह गरेको छ । बिहान १० बजेदेखि ४ बजेसम्म खोप लगाउन सकिने गरी व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ ।

# महामारीजन्य रोगको निगरानी गर्न समुदायस्तरमा समिति गठन गरिने

वीरगञ्ज । पर्साका पालिकाहरुमा महामारीजन्य रोगहरुको निगरानी तथा रोकथाम गर्न समुदायस्तरमा समेत समिति गठन गरिने भएको छ । समुदायस्तरमा गठन गरिने समितिलाई कम्युनिटी ऱ्यापिड रेसपोन्स टिम (सीआरआरटी) नाम दिइएको छ । यस्ता टिमले औषधी, स्वास्थ्य सामग्री वितरण, सरसफाइ र शुद्ध खानेपानी उपभोगका बारेमा गाउँघरमा सचेतना जगाउने स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले जानकारी दिए ।

नारायणी अस्पतालमा महामारीजन्य रोगहरुको रोकथाम तथा निगरानीका लागि सरोकारवालाबीच अर्न्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो । स्वास्थ्य कार्यालय पर्साले आयोजना गरेको कार्यक्रममा सहभागी सरोकारवालाले सम्भावित महामारीको पूर्वानुमान गरेर त्यसविरुद्ध लड्न आवश्यक तयारी गर्ने निर्णय गरेका छन् ।

कोरोना महामारीबाट थोरै राहत मिलेपनि जोखिम कायमै रहेकोले स्वास्थ्य सुरक्षा सतर्कताका उपाय अपनाउनुपर्ने, वर्षामा पानी जन्य रोगको संक्रमण बढ्ने र महामारीको रुप लिन सक्नेमा सचेत हुनुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

कार्यक्रममा स्वास्थ्य कार्यालय पर्साका निमित्त प्रमुख नवलकिशोर साहले समुदायस्तरको ऱ्यापिड रेस्पोन्स टिम गठन गरेर सक्रिय बनाउनुपर्ने बताए । नारायणी अस्पतालका आकस्मिक विभाग प्रमुख डा. उदयनारायण सिंहले वर्षायाममा मलेरिया, डेंगु, डायरिया, फुड पोइजनका समस्याले महामारीको रुप लिन सक्नेमा सचेत हुनुपर्ने बताए ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# प्रस्तावित व्यापार सम्झौताले दुईतर्फी वाणिज्य र लगानी प्रबर्द्धन हुने

बंगलादेशका लागि नियुक्त भारतीय उच्चायुक्त विक्रम डोराईस्वामीले भारत-बंगलादेश आर्थिक साझेदारी सम्झौताले ठूलो परिवर्तन ल्याउने बताएका छन्।रुहाल भारत र बंगलादेश सरकार बीच सक्रिय रुपमा सो विषयमा छलफल हुँदै छ।

बुधवार कृषि उत्पादन र भारत बंगलादेश व्यापार सम्बन्धी आयोजित भर्चुअल सम्मेलनमा डोराईस्वामीले सहभागी थिए। सन् २०११ देखि साफ्टा अन्तर्गत बंगलादेश उत्पादनलाई उपलब्ध शुल्क र कोटा नि:शुल्क बजार पहुँच दिइएको उनले बताएका छन्।

भारतीय बजारमा गुणस्तरीय बंगलादेशी खाद्यान्न उत्पादनका लागि ठूलो अवसर रहेको पनि उनले बताएका छन् र यसै सन्दर्भमा दुई देश का व्यापारिक निकायहरू बीच सम्बन्ध स्थापित हुनुपर्नेमा उनले जोड दिएका छन्।

सन् २०२६ मा संयुक्त राष्ट्र संघको अल्प विकसित राष्ट्र श्रेणी (एलडीसी) बाट बंगलादेश मुक्त हुनेछ। तसर्थ एलडीसी बाट अलगिगए पछि यदि दुई देशबीच बृहत्तर आर्थिक साझेदारी सम्झौता हुन्छ भने द्विपक्षीय व्यापार मा ठूलो परिवर्तन आउने उनले बताएका छन्।

उनले यस प्रकारको व्यापार बढाउन खाद्य सुरक्षा मापदण्ड सुधार गर्नुपर्ने र द्रुत गतिमा रसद व्यवस्थापन गर्नुपर्ने पनि बताए। यसका लागि उनले पारस्परिक व्यवस्थालाई अन्तिम रूप दिने कुरामा पनि जोड दिएका छन्।

कृषि र प्रसंस्कृत खाद्य उत्पाद निर्यात विकास प्राधिकरण (एपेडा) र बंगलादेश ताजा फल आयातकर्ता संघ र भारत बंगलादेश व्यापार संगठन ले संयुक्त रुपमा बुधवार भर्चुअल सम्मेलन र व्यापार मेलाको आयोजना गरेका थिए। यस सम्मेलन मा सम्बन्धित व्यापारिक निकाय र सरकारका प्रमुख साझेदारहरु एकैसाथ आएका थिए। तिनले कृषि खाद्य क्षेत्र मा भारत र बंगलादेश बीच रणनीतिक सहयोगलाई सुदृढ पार्न छलफल गरेका थिए।

यसै सम्मेलन मा बंगलादेश भूमि बन्दरगाह प्राधिकरणका अध्यक्ष मो. आलमगीर पनि सहभागी थिए। उनले बंगलादेश सरकारले डेढ अरब बंगलादेशी मूल्य बराबरको भूमि बन्दरगाहको चरणबद्ध निर्माण र स्तरोन्नतीकरणको प्रक्रियामा रहेको प्रकाश पारेका थिए। सबै भन्दा पहिले बेनापोल, सुतारकण्डी, बेलोनिया र रामगढ़मा बन्दरगाह को विकास गरिने पनि उनले बताएका छन् ।

आलमगीरले दुबै मुलुकका भूमि बन्दरगाहका अधिकारीहरू व्यापार समुदायको हितका लागि सहज सञ्चालन, यात्रुको सुविधा र समयमा सामानको व्यापारिकरण गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

भारत बंगलादेश चेम्बर अफ कमर्स एण्ड इंडस्ट्री (आईबीसीसीआई) का अध्यक्ष अब्दुल मतलुब अहमदका अनुसार भारत र बंगलादेश बीच सहज यातायात सम्पर्क स्थापित भए दुबै राष्ट्रको आम्दानीमा उल्लेख्य बृद्धि हुनेछ।रुरु

भूमि भन्सार स्टेशनमा आईसीडी, चिसो भण्डारण र गोदाम सुविधाको विकासमा लगानी गर्न अहमदले बहुपक्षीय दाता र निजी क्षेत्रलाई आग्रह गरेका छन्। डिजिटल र भौतिक पूर्वाधारले व्यापारी र ब्यापार समुदायलाई फाइदा पुगाउने छ।

सम्मेलनको दौरान भर्चुअल ढाँचामा क्रेता विक्रेता बैठकको लागि ई-काटलग पनि जारी गरिएको थियो। त्यसपछि भर्चुअल ढाँचामा नै व्यापार मेला र निर्यातकर्ता र आयातकर्ता बीच अन्तर्क्रिया पनि भएको थियो।

यस कार्यक्रममा दुबै देश बाट २०० भन्दा बढी व्यवसायी सहभागी भएका थिए।

सन् २०२० दिसेम्बर महिनामा प्रधानमन्त्री मोदी र बंगलादेशी प्रधानमन्त्री शेख हसिना बीच भर्चुअल ढाँचामा शिखर सम्मेलन भको थियो। त्यसपछि दुवै नेताले सम्बन्धित अधिकारीहरुलाई द्वीपक्षीय व्यापक आर्थिक साझेदारी सम्झौता का लागि आवश्यक अध्ययन गरी चाँडै निष्कर्ष निकाल्न निर्देशन दिएका थिए।

भारतीय प्रधानमन्त्रीले मार्च २६ र २७ तारिख मा बंगलादेश को भ्रमण गरेका थिए। त्यसै क्रममा दुबै देशले सीईपीए को संयुक्त अध्ययन गर्न र निष्कर्ष निकाल्न सहमत भएका थिए।

प्रस्तावित व्यापार सम्झौताले दुई तर्फी वाणिज्य र लगानी प्रबर्द्धन गर्ने आशा लिइएको छ। – *इण्डिया न्यूज नेटवर्क*




## ४ चिनियाँ पक्राउ

काठमाडौं । दुर्लभ वन्यजन्तुको अखेटोपहारको अवैध कारोबार तथा जुवातास सट्टेबाजीमा संलग्न रहेको अभियोगमा ४ जना चिनियाँ नागरिकलाई काठमाडौं महानगरपालिका-१७ ज्याठा गल्लीस्थित जियाङ्यु खाजन होटलबाट सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा काठमाडौं बालुवाटार बस्ने चीन युनान प्रान्त घर भएका राहदानी नम्बर ईएन ६३१२७४२ बाहक ३१ वर्षीय ZHA0 PENUCHENG, काठमाडौं ठैटी बस्ने चीन हुबे प्रान्त घर भएका राहदानी नम्बर ई ९२१०४८१० बाहक ३४ वर्षीय MA JINGBIN, चीन हेनान प्रान्त घर भएका राहदानी नम्बर इजेआई २३६०६३ बाहक ३१ वर्षीय NIU YULIANG र चीन जुआङगदोन्ज प्रान्त घर भएका राहदानी नम्बर इबीजेट ६०२३३९ बाहक २८ वर्षीय PENG HUI रहेका छन् । काठमाडौं महानरगपालिका-१७ ज्याठा क्वाबाहालमा चिनियाँ नागरिकहरु जम्मा भई सम्पत्ती हारजित हुने गरी जुवातास सट्टाबाजी खेलिरहेको भन्ने बिशेष सूचना प्राप्त हुना साथ महानगरीय प्रहरी परिसर टेकु र महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उक्त होटेल तलासी गर्दा दुर्भल बन्यजन्तुको अखेटोपहारको अबैध कारोबार र सम्पत्ती हारजित हुने गरी जुवातास सट्टाबाजी खेली खेलाइरहेको अबस्थामा उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट नगद ८ लाख ८९ हजार १ सय ५५ रुपैयाँ, जुवातास खेल्न प्रयोग गरेको २ थान बिद्युतिय टेबल, जुवातास खेल्न प्रयोग हुने ४ सय १० थान प्लाष्टिकको गोटी, ७ थान मोबाइल, १ थान बाघको छाला जस्तो देखिने बस्तु, २० थान गाईको छाला जस्तो देखिने वस्तु, २० थान कस्तुरीको बिना जस्तो देखिने वस्तु, ९ सय थान बुद्धचित्त, करिब २० किलो रुद्राक्ष, २ थान राहदानी, विभिन्न चिनिया बैंकहरुको ३५ थान एटिएम कार्ड, २ सय ५० थान भौचर (लेखिएको), ६८ थान भौचर ( नलेखिएको), २ थान बाघको दाँत जस्तो देखिने वस्तु, २ थान खुकुरी र १ थान तरबार प्रहरीले बरामद गरेको छ । यस सम्बन्धमा महानगरीय प्रहरी वृत्त लैनचौरबाट थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

## रेडपाण्डाको छालासहित २ जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपलिका-४ बोराडाँडीस्थित पण्डित मोटर्स वर्कशपबाट दुर्लभ वन्यजन्तु रेडपाण्डाको १ थान छालासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार दिउँसो पक्राउ पर्नेहरुमा कञ्चनपुर शुक्लाफाँटा नगरपालिका-३ बस्ने ३८ वर्षीय मुकेश भट्ट र पण्डित मोटर्स वर्कशपका संचालक भारत मोतिहारी केशरीया थाना गोछी कुशगर घर भएका ४१ वर्षीय गगनदेव पण्डित रहेका छन् । उक्त वर्कशपमा वन्यजन्तु रेडपाण्डाको छालाको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय धनगढी तथा संघिय प्रहरी ईकाई कार्यालय धनगढी (हाल महेन्द्रनगर कन्चनपुर) समेतबाट खटिएको सयुक्त प्रहरी टोलीले वर्कशप तलासी गर्दा रेडपाण्डाको छाला फेला पारी उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुलाई आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय धनगढी कैलालीमा बुझाइने जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

## जिल्ला समाचार

### बंगलादेशबाट ४५ हजार मेट्रिकटन मल आयो

वीरगञ्ज । सरकारले बंगलादेशबाट खरिद गरेको ४५ हजार मेट्रिक टन युरिया मल नेपाल आइपुगेको छ । बंगलादेशबाट खरिद गरिएको उक्त परिमाणको मल वीरगञ्ज, विराटनगर र भैरहवा नाका हुँदै नेपाल आइपुगेको हो । वीरगञ्जसहित विराटनगर, भैरहवा नाका भएर ४५ हजार मेट्रिक टन मल आएको र बाँकी मलहरु विराटनगर नाका भएर आउने क्रममा रहेको कृषि सामाग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जले जनाएको छ । मल नेपाल आइपुगेसँगै वीरगञ्ज कार्यालयबाट अहिले धमाधम मल वितरण गर्ने कार्य चलिरहेको छ । प्रदेश २ का जिल्लाहरुसँगै बागमती प्रदेश र गण्डकी प्रदेशमा समेत कम्पनीको वीरगञ्जस्थित प्रादेशिक कार्यालयले मल उपल्बध गराउने गरेको छ । मल बंगलादेशबाट कम्पनीको गोदाममा आइसकेकोले सो मललाई अहिले आवश्यक परेको स्थान तथा जिल्लाका कृषि सहकारी संस्थाहरुलाई वितरण गरिरहेको कृषि सामाग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुख गोरखनाथ केसीले जानकारी दिए । 'बंगलादेशबाट आएको मल अहिले कार्यालयले प्रदेश २ का जिल्लाहरुसहित बागमती, गण्डकी प्रदेशमा पनि पठाइरहेका छौं,' उनले भने, 'बाँकी रहेको ५ हजार मेट्रिक टन मल पनि विराटनगर नाकाबाट आउने क्रममा छ ।'

### बुद्धभूमिको बजेट १ अर्ब १८ करोड

मणि प्रसाद गैह्रे, कपलवस्तु । बुद्धभूमि नगरपालिकाले आव ०७८/०७९ का लागि १ अर्ब १८ करोड बराबरको बजेट पारत गरेको छ । सोमबार बजेट ल्याएर नवौं नगर सभाको अन्त्य गरेको छ । नगरसभापछि नगरपालिकाले पत्रकार समक्ष बजेटमा उल्लेखित महत्वपूर्ण योजनाबारे जानकारी गराएको थियो । बजेट सार्वजनिकीकरण कार्यक्रममा नगर प्रमुख केशव कुमार श्रेष्ठले नगरले चार वटा गौरवका आयोजनालाई समेटर बजेट निर्माण गरेको जानकारी दिए । बजेटमा टिक्कर-बुङ्घी-तौलिहवा सडकखण्ड डबललेन, बुङ्घी तालको सुन्दरीकरण, चक्रपथ निर्माण र १५ शैय्याको स्वास्थ्य चौकी निर्माणलाई नगर गौरवको योजनाको रुपमा राखिएको नगर प्रमुख श्रेष्ठले बताए । यस्तै, बजेटमा अधुरा योजना पूरा र गर्न सकिने कामलाई प्राथमिकतामा राखिएको उनले बताए । अहिलेको बजेट आफुहरुको अन्तिम कार्यकालको रहेको भन्दै जनताले अनूभुति गर्ने खालका र समयमै काम सक्ने गरी बजेटमा कार्यक्रम समेटिएको उनले बताए । नगर प्रमुख श्रेष्ठले नगर सभाबाट आवधिक योजनासंगै पञ्चबर्षीय योजना पारित भएको भन्दै अब बुद्धभूमिले विकास निर्माणमा फड्को मार्ने विश्वास व्यक्त गरे । योजनाबद्ध विकासले मात्र नगरबासीको मन जित्न सकिने भन्दै आवधिक योजना र पञ्चबर्षीय योजनालाई मार्गदर्शनको रुपमा लिइएको उनले बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अनिल पौडेलले असार ६ गते नीति तथा कार्यक्रम पास गरी सर्वसम्मत ढंगले बजेट पारित भएको बताए । नगरपालिकाका प्रवक्ता पवनकुमार चौधरीमा पत्रकार समक्षमा बजेटमा उल्लेखित महत्वपूर्ण योजना तथा कार्यक्रमको बारेमा जानकारी दिए । नगर प्रवक्ताले दिएको जानकारी अनुसार बुद्धभूमिले आगामी बजेटमा असाध्य रोगका विरामीलाई १० हजार सहयोग देखि वडा नं. ३ मा शहरी क्लिनक सञ्चालन गर्नेसम्म रहेको छ । सो अवसरमा नर उप प्रमुख मिरा थारुले नगरको विका र लक्षित वर्गको क्षमता विकासको लागि योजनाहरु पास भएको जानकारी दिइन् ।

### चिकित्सकको स्विकृतिबिना औषधि बिक्री र खरिद गरेको अभियोगमा २ जना पक्राउ

कैलाली । चिकित्सकको स्विकृतिबिना औषधि बिक्री र खरिद गरेको अभियोगमा २ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा धनगढी उपमहानगरपालिका-१३ बस्ने २१ वर्षीय सोमराज जोशी र सोही उपमहानगरपालिका-१ स्थित सन्तोष मेडिको प्रालिमा काम गर्ने सोही उपमहानगरपालिका-५ बस्ने २३ वर्षीय करण चौधरी रहेका छन् । उनीहरुमध्ये जोशी औषधि खरिद गर्ने र चौधरी औषधि बिक्री गर्ने कार्यमा संलग्न रहेका थिए । सोही उपमहानगरपालिका-१ एलएन चोकमा साईकलमा आएका जोशीलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले २० ट्याब्लेट स्पास्मो, २ क्याप्सुल परलिन र १२ क्याप्सुल प्रेगास्टार सहित फेला पारी पक्राउ गरेको हो । थप अनसन्धानको क्रममा उनले उक्त मेडिकोबाट औषधि खरिद गरेको खुल्न आएपश्चात चौधरीलाई समेत प्रहरीले पक्राउ गरेको हो । उक्त प्रालिबाट २ सय २ ट्याब्लेट स्पास्मो, २ सय ९७ क्याप्सुल परलिन र ६ सय १५ क्याप्सुल प्रेगास्टार समेत प्रहरीले बरामद गरेको छ । बरामद औषधि सहित जोशी र चौधरीलाई आवश्यक कारबाहीका लागी औषधी व्यवस्था विभाग नेपालगंज पठाइने जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### मकै खेतमा चार वर्षीय बालक मृत फेला

रौतहट । ईशनाथ नगरपालिका-३ औरेया बस्ने बच्चा राय यादवको छोरा ४ वर्षीय छोटेलाल यादव मृत अवस्थामा फेला परेका छन् । सोही ठाउँस्थित मकै खेतमा पानी जम्मा भएको खाल्डोमा सोमबार बिहान मृत अवस्थामा फेला परेका छन् । आइतबार साँझ घरबाट खाना खाई बाहिर खेल्न गएकोमा कोही कसैको सम्पर्कमा नरहेकोमा खोजी गर्ने क्रममा उक्त स्थानमा उनको शव फेला परेको हो ।

### खोलामा दुई जनाको शव फेला

विराटनगर । मोरङ जिल्लाको दुई छुट्टाछुट्टै खोलीमा दुई जनाको शव फेला परेको छ । रंगेली नगरपालिका-३ चैनपुरे टोल बस्ने ५१ वर्षीय हिम प्रसाद धिताल सोही ठाउँस्थित गडिया खोलामा सोमबार मृत अवस्थामा फेला परेका छन् । गत शनिबारदेखि हराई बेपत्ता भएका उनको खोजी गर्ने क्रममा उक्त खोलामा शव फेला परेको हो । यसैगरी मोरङ, पथरी शनिश्चरे नगरपालिका-३ स्थित बक्राहा खोलामा सुनवर्सी नगरपालिका-१ बस्ने ६७ वर्षीय नारायण तिमिल्सिना सोमबार मृत अवस्थामा फेला परेका छन् ।

### खैरो हिरोइनसहित किशोर पक्राउ

कैलाली । टिकापुर नगरपालिका-९ खैरीपुरस्थित सडकबाट २ सय ८० मिलिग्राम अबैध लागूऔषध खैरो हिरोईनसहित एक जना पक्राउ परेका छन् । सोही नगरपालिका-१ बनगाँउ बस्ने १८ वर्षीय किशोरलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले जाँच गर्दा उनको साथबाट खैरो हेरोइन सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### स्कुटर दुर्घटनामा महिलाको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-५ स्थित सडकमा को.३२ प ८८१० नम्बरको स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । सोमबार साँझ दुर्घटना हुँदा स्कुटर चालक विराटनगर महानगरपालिका-१४ बस्ने ४० वर्षीया टिका मेचेको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको गोल्डेन अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सटही काउण्टरबाट नगद चोरी

कपिलवस्तु । कृष्णनगर नगरपालिका-२ बसपार्कस्थित हुसेन सटही काउण्टरबाट नगद ४ लाख ६० हजार रुपैयाँ र नगद १ लाख ५० हजार भारतीय रुपैयाँ मंगलबार बिहान चोरी भएको छ । काउण्टर संचालक खाना खान गएको अवस्थामा ढोकाको लक फोडी उक्त नगद चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### चोरीपैठारीको सामान बरामद

कपिलवस्तु । कपिलवस्तु जिल्लाको यशोधरा गाँउपालिका ७ सेमरीस्थित सीमा ईलाकाबाटसशस्त्र प्रहरीले करीब १ लाख २३ हजार रुपैयाँ बराबरको चोरीपैठारीको विभिन्न किसिमको औषधी तथा लत्ताकपडा बरामद गरेको छ । भारतबाट भन्सार छली अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको उक्त औषधी तथा लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट मर्यादापुरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद औषधी तथा लत्ताकपडा भन्सार कार्यालय सुठौलीमा बुझाइएको छ ।

## कला/साहित्य

कमल मण्डल

# भारतका दिग्गज अभिनेता दिलीप कुमारको निधन



काठमाडौँ। प्रख्यात भारतीय अभिनेता दिलीप कुमारको ९८ वर्षको उमेरमा निधन भएको छ। स्वास्थ्यमा समस्या देखिए पछि करीब एक हप्ताअघि अस्पताल भर्ना भएका उनको अस्पतालमै निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। उनले पाँच दशक लामो चलचित्र यात्रामा ६५ भन्दा बढी चलचित्रमा अभिनय गरेका थिए। सास फेर्न गाह्रो भएपछि उनलाई जुन ३० मा अस्पताल भर्ना गरिएको थियो।

उनले सन् १९९४ मा ज्वारभाटा नामक चलचित्रबाट अभियन यात्रा सुरु गरेका थिए। तर सन् १९४९ मा प्रदर्शनमा आएको अन्दाजले उनलाई ख्याति दिलाएको थियो।

व्यावसायिक हिसाबले सफल चलचित्रमा नर्गीस र राज कपुरले पनि अभिनय गरेका थिए जो पछि गएर चर्चित अभिनेता बन्न सफल भए।

उनको अभिनय रहका मेला, नयाँ दौर, गङ्गा जमुना, देवदास, मुग़ल ए आज़म लगायत सफल चलचित्र हुन्। यसैबीच भारतीय प्रधानमन्त्री नरेद्र मोदीले उनको निधनमा दुःख व्यक्त गर्दै भारतीय चलचित्र क्षेत्रलाई अपूरणीय क्षति भएको जनाएका छन्।

# भारतको इतिहासमै सन्तुलित मन्त्रिपरिषद्



काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतकै इतिहासमा सबैभन्दा ठूलो मन्त्रिपरिषद् विस्तार गरेका छन्। उनको मन्त्रिमण्डल ७८ सदस्यीय भएको छ। बुधबार सर्वार्थ सिद्धि योगमा प्रधानमन्त्री मोदी मन्त्रिपरिषद्का ४३ जनाले शपथ लिए। शपथ लिनका लागि ३४ जनाले हिन्दी र ९ जनाले अंग्रेजी भाषा चुनेका थिए। शपथग्रहण कार्यक्रममा ३६ जना नयाँ मन्त्रीले शपथ लिए। मौजुदा रहेका ७ मन्त्रीको पदोन्नति भयो भने १२ जनाले राजीनामा दिए।

मोदीले अनुराग ठाकुर, जीके रेड्डी, मनसुख मन्डाविया, किरन रिजिजू, आरके सिंह, हरदीप सिंह पुरी र पुरुषोत्तम रुपालाको पदोनन्नति गरेका छन्। उनीहरु राज्यमन्त्रीबाट मन्त्री भएका हुन्।

नयाँ ३६ मन्त्रीमध्ये सबैभन्दा बढी उत्तर प्रदेशका ७ जना हुन्। मोदीको टिममा ११ महिला, ७ नयाँ मन्त्री सात राज्यबाट रहेका छन्। ७७ मन्त्रीहरुलाई जातिगत रुपले विभाजन गर्दा ८ राज्यबाट १२ दलित मन्त्री भएका छन्। ८ राज्यबाट ८ आदिवासी मन्त्री भएका छन्। १५ राज्यबाट २७ ओबीसी मन्त्री भएका छन् र ५ राज्यबाट ५ अल्पसंख्यक मन्त्री भएका छन्।

२३ मन्त्री कम्तीमा ३ पटक सदस्य रहेर कमसेकम संसदीय कामकाजमा १० वर्षको अनुभव लिइसकेका हुन्। त्यस्तै ४ पूर्व मुख्यमन्त्री, १८ जनाले पहिले राज्यमा मन्त्री भइसकेका र ३९ पूर्व विधायक हुन् जसले राज्यमा विधायी कामकाज देखिसकेका छन्। व्यवसायीक रुपले पनि मोदी सरकारको मन्त्रिमण्डल सन्तुलित देखिएको छ। जसमा ६८ जना स्नातक हुन्। १३ जना वकिल हुन्। ७ पूर्व प्रशासक हुन्। ७ मन्त्री विद्यावारिधि प्राप्त हुन्। ६ जना डाक्टर हुन्। ५ जना इन्जिनियर हुन्। ३ मन्त्रीले व्यवस्थापनमा स्नातकोत्तर गरेका छन्।

## आर्थिक समाचार

# ग्लोबलआइएमई बैंक र नौकुण्ड गाउँपालिकाबीच समझदारी



काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेड र नौकुण्ड गाउँपालिकाबीच कृषिअनुदानकर्जामा सानाकिसानको पँहुच बढाउनको लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ।

समझदारी पत्रमा बैंककोनौकुण्ड शाखाकाप्रबन्धकरमेश पनेरु र नौकुण्ड गाउँपालिका अध्यक्ष नुर्वु स्याङवो घलेले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार ग्लोबल आइएमई बैंकले नौकुण्ड गाउँपालिकाको विभिन्न ठाउँहरुमा बाख्रापालन, डेरी, तरकारी खेती, कुखुरापालन, बङ्गुरपालन, माछापालन तथा विभिन्न फलफूलहरुको उत्पादन गर्ने कृषकहरुलाई गाउँपालिकाको सिफारिसमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनेछ भने गाउँपालिकाले साना किसानहरुलाई आवश्यक तालिमको व्यवस्था गर्नेछ।

मुलुकभर तथा मुलुकबाहिर शाखा सञ्जाल रहेको ग्लोबल आइएमई बैंकले बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले ७ वटै प्रदेश तथा ७६ जिल्लामा २७३ शाखा, २४२ एटीएम, २५७ शाखारहित बैंकिङ्ग सेवा, ४७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८०० भन्दा बढि सेवा केन्द्रबाट ग्राहकवर्गलाई सेवा प्रदान गरिरहेको छ। 'सबैका लागि बैंक' भन्ने नाराका साथ बैंकले २२ लाखभन्दा बढि ग्राहकहरूमाझ सेवा प्रदान गर्दै आइरहेको छ।

# नेपाली सेनाद्वारा नेपाल प्रहरीलाई हतियार तथा एम्युनिशन हस्तान्तरण

काठमाडौं। प्रधान सेनापति पूर्णचन्द्र थापाले प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई जंगी अड्डाममा सोमबार आयोजित एक कार्यक्रमकाबीच विभिन्न किसिमका ३ सय नाल हतियार तथा सोको ४२ हजार ३ सय ७० गोटा एम्युनिशन र सम्बद्ध सामग्रीहरु हस्तान्तरण गरेका छन्।

नेपाली सेनाले कुनै पनि मूल्य नलिई विभिन्न प्रकारका राइफल र मेशिन गनहरु गरी जम्मा १० हजार ८ सय १८ नाल र सोको एम्युनिशन गोटा १४ लाख ९४ हजार १६ उपलब्ध गराउने नेपाल सरकार, मन्त्रिपरिषद्को २०७८ जेठ १७ गतेको निर्णयबमोजिम तीन चरणमा उपलब्ध गराउने योजना अनुसार पहिलो चरणमा ३ सय नाल हतियार तथा सोको एम्युनिशन र सम्बद्ध सामग्रीहरु हस्तान्तरण गरिएको हो।

नेपाल प्रहरीलाई तालिम, विशिष्ट र अति विशिष्ट व्यक्ति सुरक्षा, कार्यालय सुरक्षा तथा ठुला कार्यक्रमहरु संचालन गर्ने प्रयोजनका लागि हतियार उपलब्ध गराउन नेपाल सरकारबाट उक्त निर्णय भएको हो।

उक्त हतियार तथा एम्युनिशन तीन चरणमा उपलब्ध गराउने योजना अनुसार बाँकी हतियार तथा एम्युनिशन २०७९ साल वैशाख महिनासम्ममा हस्तान्तरण गरिने उक्त अवसरमा जानकारी दिइयो। उपलब्ध गराईएका हतियारहरुको मर्मत सम्भार तथा अपरेसन तालिम समेत नेपाली सेनाद्वारा नेपाल प्रहरीलाई प्रदान गर्ने योजना रहेको छ।

उक्त अवसरमा नेपाली सेनाको तर्फबाट हतियार तथा उपकरण महाशाखा प्रमुख महासेनानी राजेन्द्र मणि गिरी र नेपाल प्रहरीको तर्फबाट प्रहरी प्रधान कार्यालय मानवस्रोत तथा प्रशासन विभागका प्रहरी वरिष्ठ उपरीक्षक दिपक थापा बिच नेपाली सेनाबाट नेपाल प्रहरीलाई हतियार तथा एम्युनिशन हस्तान्तरण सम्बन्धि सम्झौता पत्र आदान प्रदान भएको थियो।

कार्यक्रममा प्रधान सेनापति पूर्णचन्द्र थापालाई प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले नेपाल प्रहरीको तर्फबाट मायाको चिनो प्रदान रेका थिए।

जंगी अड्डा, व्यवस्था नीति तथा योजना महानिर्देशक उपरथी अनन्त कार्कीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा बलाधिकृत रथी प्रभुराम शर्मा, रथीवृन्द तथा प्रहरी अतिरिक्त महानिरीक्षकहरुको समेत उपस्थिति रहेको थियो।

# भारतमा ५० हजार भन्दा कम नयाा कोविड १९ संक्रमित विरामी

लगातार ११ दिन भारतमा ५० हजार भन्दा कम नयाँ कोविड १९ संक्रमित विरामी देखिएका छन्। बिहिबार सक्रिय संक्रमित संख्या ४ लाख ६० हजार ७ सय ४ पुगेको छ।रुरुरुरुरुयसका साथै देशको सक्रिय संक्रमित संख्या कुल सकारात्मक संख्या को १.५० प्रतिशत पुगेको छ। गत २४ घण्टामा भारतमा ४५ हजार ८ सय ९२ नँया संक्रमित विरामी थपिएका छन्।

स्वास्थ्य मन्त्रालयका अनुसार "यी सबै केन्द्र सरकार, राज्य सरकार र केन्द्र शासित प्रदेश को संयुक्त प्रयासको नतिजा हो।"

बिहान ७ बजेसम्म को अस्थायी रिपोर्ट अनुसार भारतमा ३६ करोड ४८ लाख भन्दा बढी नागरिकलाई कोविड १९ खोप प्रदान गरिएको छ।

बिहान ७ बजेसम्म को अस्थायी रिपोर्ट अनुसार हालसम्म ४७ लाख ४० हजार ८ सय ३३ सत्र मार्फत ३६ करोड ४८ लाख ४७ हजार ५ सय ४९ खोप खुराक प्रदान गरिएको छ। गत २४ घण्टामा ३३ लाख ८१ हजार ६ सय ७१ खोप दिइएको छ।

देशव्यापी खोप अभियान को नँया चरण जूनको २१ तारिख देखि सुरु गरिएको थियो। स्वास्थ्य मन्त्रालयका अनुसार "केन्द सरकार देशव्यापी रूपमा हर नागरिकलाई निःशुल्क खोप प्रदान गर्न प्रतिबद्ध छ।"

गत २४ घण्टामा ४४ हजार २ सय ९१ जना निको भएका छन्। यसका साथै हालसम्म देशमा २ करोड ९८ लाख ४३ हजार ८ सय २५ जना निको भइसकेका छन्।

यसका साथै देशको कुल निको हुने दर ९७.१८ प्रतिशत पुगेको छ। त्यस्तै देशमा गत २४ घण्टामा १८ लाख ९३ हजार ८ सय वटा नमुना परीक्षण गरिएको छ। हालसम्म ४२ करोड ५२ लाख २५ हजार ८ सय ९७ वटा नमुना परीक्षण भइसकेका छन्।

त्यस्तै साप्ताहिक सकारात्मकता दर पनि घट्दो क्रममा छ। साप्ताहिक सकारात्मकता दर हाल २.३७ प्रतिशत पुगेको छ भने दैनिक सकारात्मक दर २.४२ प्रतिशत पुगेको छ। लगातार १७ दिन सो दर ३ प्रतिशत भन्दा कम मा कायम रहँदै आएको छ भने एक महिना ५ प्रतिशत भन्दा कम मा कायम रहँदै आएको छ। – *इण्डिया न्यूज नेटवर्क*

# जीपी कोइराला फाउण्डेशनद्वारा दुई पत्रकार सम्मानित

वीरगन्ज। लोकतन्त्रका महानायक तथा नेपालका पूर्वप्रधानमन्त्री स्व. गिरिजा प्रसाद कोइरालाको ९८औं जन्मजयन्तीमा गिरिजा प्रसाद कोइराला फाउण्डेशन पर्साले तीनदिने कार्यक्रमको समापन गरेको छ।

फाउण्डेशन पर्साले स्व.कोइरालाको नाममा तीनदिने र्कायक्रमको तालिकाअनुसार अन्तिम दिन दुई जना पत्रकारलाई जनही २५,०००।- को दरले रकम दिई सम्मानित गरेको हो। फाउण्डेशन पर्साले स्थापना गरेको क्रियाशिल पत्रकारिता पुरस्कारबाट बिबिसी नेपाली सेवाकी पर्सा संवाददाता एवम् सामुदायीक रेडियो नारायणी एफ एमकी समाचार प्रमुख माधुरी महतो र ग्यालेक्सी फोर के टेलिभिजनका पर्सा संवाददाता इरफान अली नगद र सम्मानपत्रबाट सम्मानित भएका हुन्।

फाउन्डेसनको आयोजनामा आज नेपाल पत्रकार महासँघ पर्सा शाखाको सभाहलमा एक कार्यक्रम बीच बिरगंज महानगरपालिकाका उपप्रमुख शान्ती कार्कीले महतो र अलिलाई नगद सहित सम्मानपत्रले सम्मानित गरेकी थिइन्। जनही २५/२५ हजार नगद र प्रमाणपत्र तथा दोसल्लाबाट सम्मानित हुने पत्रकारद्वयले सम्मानले थप हौसला प्राप्त भएको बताउँदै अँझै कलम र आम नागरिकका सवालप्रति जिम्मेवार बनाएको प्रतिक्रिया दिए। फाउन्डेसनका अध्यक्ष मोहम्मद साहबुदिनको अध्यक्षतामा भएको सो कार्यक्रममा विशिष्ट अतिथि नेपाली काग्रेसका तराई मधेश समन्वय विभागका केन्द्रिय सचिव राम नारायण प्रसाद कुर्मी, दिना गुप्ता, श्याम कुमार पोखेल, ध्रुव नेपाल, प्रकाश उपाध्याय, नेपाल पत्रकार महासँघका केन्द्रिय सचिव दिपेन्द्र चौहान, प्रदेश नं. २ का महासचिव श्याम बन्जरा, पर्सा जिल्ला अध्यक्ष अनुप तिवारी, नेपाली काग्रेसका क्षेत्रिय सभापति विजय सर्राफ,नेपाल प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मी,तरुण दलका नेता हुकुम सिहं सञ्चार कर्मी लगायत फाउन्डेसनका पदाधिकारीहरु र नेपाली काङ्गेसका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

## प्रदेश २...

गते आयोगको उपाध्यक्ष प्रा.डा.भोगेन्द्र झा नियुक्त भएका थिए। उनको कार्यकालपछि आर्थिक वर्ष २०७४/७५ मा एक उपाध्यक्ष र एक सदस्य नियुक्त भएका थिए। जसको नेतृत्व डा.हरिवंश झाले गरेका थिए। २०७५/७६ मा ३ सदस्य थप भई पदेन समेत गरी ७ सदस्यीय आयोग गठन भएको थियो। तत्कालीन उपाध्यक्ष रहेका डा.झासहित अन्य सदस्यहरुलाई काम गर्न नसकेको भन्दै हटाइएको थियो। त्यसपछि सदस्यहरुको नियुक्ति भएको थिएन।

यसैगरी समावेशी र समानुपातिकको सिद्धान्तलाई आधार मानेर प्रदेश २ सरकारले आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलमा रिक्त सदस्यको पदपूर्ति गरेको छ। प्रदेश सरकारले आमसञ्चार प्राधिकरणमा दुई र मिडिया काउन्सिलमा चार जनालाई सदस्यमा नियुक्त गरेको छ।

प्रदेश मिडिया काउन्सिलको सदस्यमा कैलाश दास (धनुषा), अर्जुन मण्डल (धनुषा), रिंकु मिश्र (धनुषा) र बन्दना झा (सर्लाही) लाई नियुक्त गरिएको छ भने प्राधिकरणको सदस्यमा अमरेन्द्र यादव (सप्तरी) र प्रतिमा चौधरी (बारा)लाई नियुक्त गरिएको हो। प्रदेश २ सरकारले सञ्चार क्षेत्रमा तीन पदाधिकारीलाई यसअघि नै नियुक्त गरिसकेको छ। त्यसैगरी प्रदेश सरकारले चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको सदस्यमा गत वैशाख १० गते अशोक दत्त, पुष्पा यादव र बिएम पटेललाई नियुक्त गरेको थियो।

सञ्चार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव, मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि भट्टराई र चलचित्र विकास बोर्डको अध्यक्षमा धर्मेन्द्र मोरबैतालाई गत माघ २३ गते नै प्रदेश सरकारले नियुक्त गरेको थियो। श्यामसुन्दर र शिवहरि सप्तरीका हुन भने मोरबैता सिरहाका हुन।

त्यति मात्र होइन, प्रदेश २ प्रमुख झाले विभिन्न समयमा सडक दुर्घटनमा परेका घाइतेको उद्धार गरेपछि त्यसबाट प्रभावित भएर मुख्यमन्त्री राउतले पनि घाइतेको उद्धार गरेका थिए। फागुन २३ गते राउतले सर्लाहीको रानिगन्जमा मोटरसाइकल दुर्घटनामा परेर घाइते चालकको उद्धार गरेका थिए। मुख्यमन्त्री राउत अघि प्रदेश २ का प्रदेश प्रमुख झाले आफ्नो यात्राका क्रममा रौतहटको जङ्गल र कर्णाली प्रदेशको भ्रमणमा जाँदा सुर्खेतमा सवारी दुर्घटनामा परेर घाइते भएकाहरुको उद्धार गरेका थिए।

## युवा समूहका...

बारेमा चिया चर्चा पनि हुने गरेको सुनिन्न।

भारतमा सन् ५१ को पहिलो आम चुनावमा नेहरूलाई ठूलो जन समर्थन प्राप्त भयो। त्यहाँ प्रतिपक्षको रूपमा राम मनोहर लोहियाहरूका समाजवादी पार्टीको थोरै संभावना देखियो। नेहरूको सोच बिकासवादी तथा प्रगतिशील प्रकारको थियो। उहाँ राज्य धर्म निरपेक्ष रहनु पर्छ भन्ने निजी धारणा राख्नु हुन्थ्यो। तर, भर्खरै बनेको भारतीय संविधान भने धर्मको बारेमा मौन थियो। धर्म कै नाममा पाकिस्तान बनेको थियो। नेहरूले चाहेको भए भारतको बिभाजनलाई न रूचाएको ठूलो हिन्दू जनमतलाई प्रभावित गर्नका लागि भारतलाई 'हिन्दू राष्ट्र' कै रूपमा प्रस्तुत गर्न सक्नु हुन्थ्यो। तर, सिद्धान्त: तेसो गरिएन। राष्ट्र भनेको धर्म बिना कै हुनु पर्दछ-यस मान्यतालाई संविधानत: स्वीकार गरियो। जबकि, नेहरूको बिकासवादी तथा प्रगतिशील राजनीतिको मुकाबिला धर्मको राजनीतिबाट मात्र गर्न सकिन्छ भन्ने चतुर सोच कट्टर हिन्दूवादी जनसंघ पार्टीको थियो। जनसंघ राष्ट्रिय स्वयं सेवक संघबाट संचालित रहेको हो। यसले भारतलाई हिन्दू राष्ट्र बनाउन चाहेको थियो। नेहरूको शासनकालमा यसको संगठन धर्मको आडमा बिस्तारित हुदै थियो। नेहरूका आलोचक समाजवादीहरू बिभिन्न कारणले अगाडी बढन सकि रहेका थिएनन्। बास्तवमा, कयौं आन्तरिक कारणहरूले गर्दा नेहरूको उदार प्रजातन्त्र तथा धर्म निरपेक्ष राजनीतिलाई हिन्दूवादीहरूले धक्का दिने संकेतहरू देखा पर्न लागेको थियो। बिपी कोईराला यस आसन्न बदलावका एक समीक्षक रहनु भएको थियो।

यदी भारतमा हिन्दूवादीहरू बलियो भएमा यसको नेपालमा ठूलो प्रभाव पर्छ भन्ने बिपीको धारणा थियो। तेस बेला भारतका हिन्दू राजा रजौटाहरूको लुक्त समर्थन जनसंघ प्रति बढदै गएको थियो। भारतमा यो पक्ष सुदृढ भएमा यसबाट नेपालमा सामन्ति शक्तिहरू जो राजालाई सहयोग गर्दथे-ती बलियो हुने छन। राजा र सामन्ति तत्वहरू संसदीय प्रजातन्त्र चाहदैन। यस्तो अवस्थामा नेपाललाई हिन्दू राजाको हिन्दू देश भनेर भारतले समेत राजालाई समर्थन गर्ने छन्। र राजाले राजतन्त्रको नाममा गैर संसदीय शासन थाल्ने छन्-जो तानाशाही व्यवस्था हुनेछ भन्ने बिपीको बिचार थियो। यसर्थ, यस झंझटमा मुलुकलाई न पार्न तथा धर्मको ध्रुविकरणबाट बाहिर राख्न बिपीले हिन्दू राष्ट्र वा धर्म निरपेक्षको बिवादबाट आफुलाई बाहिर राखेका थिए। शायद यसमा सन्देह मान्नु हुन्न कि धर्म निरपेक्षताको बिपी बिचार नेहरूबाट बढी प्रभावित रहेको थियो। नेहरूका झै बिपी पनि राष्ट्रको धर्म हुनुपर्छ भन्ने बिचारको बहस चलाएर वा कुनै अमूक धर्म बिशेषको बिरोध गरेर मुलुकलाई धार्मिक ध्रुविकरणको दुश्चक्रमा पार्न चाहनु भएको थिएन। आखिर कुनै धर्मको स्वीकारोक्तिले राष्ट्रलाई प्रगतिको पथमा कसरी हौस्याउन सक्छ र-यो प्रश्न त हो नि ! धर्मसंग बिकासलाई अगाडी बढाउने के प्रेरणा हुन्छ र ?




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं